# प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा
व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय
बर्षको आंशिक आवश्यकता पूरा
गर्न प्रस्तुत

## शोध-पत्र

**प्रस्तुतकर्ता**

डिल्लीराम पोखेल

क्याम्पस क्रमाङ्क-१३२

त्रि.वि.दर्ता न ९०४७५-८८

परीक्षा क्रमाङ्क २०४००८१/२०६८

कनकाई बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुरुङ्गा, झापा

२०७२

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )
कनकाई बहुमुखी क्याम्पस
०२३-५५०१५३
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
Fax : ०२३-५५०८५३
स्था : २०४७
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७२/०९/१५

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **डिल्लीराम पोखेल**ले मेरो प्रत्यक्ष निर्देशनमा **प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

(गोपीकृष्ण भट्टराई)
शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका–३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७२/१०/०४

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **डिल्लीराम पोखेलले प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी
विभागीय प्रमुख ..............................

२. गोपीकृष्ण भट्टराई
शोध निर्देशक ..............................

३. उप-प्रा. शेषराज अधिकारी
बाह्य परीक्षक ..............................

# कृतज्ञता ज्ञापन

त्रिभूवन विश्वविद्यालय अन्तरगत कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा झापाको स्नात्तकोतर तह द्वितिय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन बिषयको आंशिक परिपूर्तिका लागि यो शोधपत्र तयार गरिएको छ ।

प्रस्तुत शोधपत्र तयारीको क्रममा शोध प्रस्तावनाको रुपरेखा तयार गर्नेदेखि लिएर शोधपत्रको अन्तिम रुप प्रदान गरुञ्जेलसम्म आवश्यक निर्देशन, सल्लाह र सुझाव गरिदिनुहुने शोध निर्देशक आदरणीय गुरु श्री गोपीकृष्ण भट्टराईज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी शोध कार्यलाई अगाडि बढाउनका लागि आवश्यक वातावरण मिलाई विभागीय स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख श्री आशा शर्मा शिवाकोटीज्यू र विभागका आदरणीय गुरुहरुप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

अध्ययनको क्रममा सूचना तथा तथ्याङ्क उपलब्ध गराउने नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षज्यूहरु शिक्षक, कर्मचारी, सहयोगी कार्यकर्ता र विद्यार्थीहरु जसले यस कार्यका लागि आफ्नो अमूल्य समय प्रदान गरी शोधपत्र तयार गर्न यथेष्ट सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

अन्त्यमा, शोधपत्रको तयारीको क्रममा भाषिक शुद्धिकरणका टङ्कन गरी शोधपत्र तयारीमा अन्तिम रुप दिन आवश्यक सहयोग पुऱ्याउनु हुने वशिष्ठ कम्प्यूटर डिजाइनिङ्ग सेन्टरका दुर्गा लुइटेललाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

डिल्लीराम पोखेल

# शोधसार

*प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धिस्तर शीर्षक रहेको यस अनुसन्धानको पहिलो उद्देश्य प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि लेखाजोखा गर्ने रहेको थियो । यसको दोस्रो उद्देश्य प्रारम्भिक बालविकासले बालबालिकाको सिकाइ वातावरणमा पारेको प्रभाव विश्लेषण गर्नु रहेको थियो । तेस्रो उद्देश्यका रुपमा प्रारम्भिक बालविकास कक्षा अध्ययन गरेका र नगरेका बालबालिकाको बीच भएको उपलब्धिको तुलना गरिएको थियो । यसको चौथो तथा अन्तिम उद्देश्य प्रारम्भिक बालविकास कार्यक्रमको समस्याहरू पहिचान गरी सुझाव प्रस्तुत गर्नु राखिएको थियो ।*

*शिक्षा प्राप्त गर्ने बालबालिकाहरूको मौलिक हक भए तापनि कतिपय कारणहरूले गर्दा ४ वर्ष उमेर पूरा भएका बालबालिकाहरू प्रारम्भिक बालकक्षामा भर्ना भई शिक्षा पाउने अवसरबाट बञ्चित हुन परेको छ । नेपाल सरकारले आधारभूत शिक्षालाई अनिवार्य र निशुल्क घोषणा गरेको भए तापनि आधारभूत तहको आधारशिला रहेको प्रारम्भिक बालविकास कक्षामा समेत सम्पूर्ण बालबालिकाहरूको पहुँच पुग्न नसकेको वर्तमान सन्दर्भमा यस प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर नामक अध्ययनले बालविकास कार्यक्रमको उपलब्धिको लेखाजोखा गर्ने कार्य गरेको छ ।*

*यो अध्ययन गुणात्मक र परिमाणात्मक दुवै प्रकृतिको रहेको छ । यस अध्ययनका लागि झापा जिल्लाका १७ वटा स्रोतकेन्द्रहरू मध्ये ३ वटा स्रोतकेन्द्रमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रलाई नमूना छनौट गरी लिइएको थियो ।*

*उक्त तीन वटा स्रोतकेन्द्रहरूमा सञ्चालित बालविकास कक्षाहरू मध्ये प्रत्येक स्रोतकेन्द्रबाट ३ वटा विद्यालय पर्ने गरी जम्मा ९ वटा विद्यालयहरू छनौट गरिएका थिए । ती ९ वटा विद्यालयको बालविकास कक्षामा शिक्षण गर्ने ९ जना सहयोगी कार्यकर्ताहरू र सोही विद्यालयमा कक्षा एकमा शिक्षण गर्ने शिक्षकहरूबाट बालविकास कक्षाले बालबालिकाको सिकाईमा पारेको प्रभाव र प्रारम्भिक बालविकास कक्षाको अवसर प्राप्त बालबालिकाले कक्षा एकमा पाएको औषत अंक र उक्त बालविकास कक्षाको अवसर अप्राप्त बालबालिकाको अंक बीच तुलनात्मक अध्ययन गरिएको थियो । त्यसैगरी प्रारम्भिक बालविकास कक्षा सञ्चालन गर्दा आइपरेका समस्याहरू प्रयोग गर्दै आएका*

*क्रियाकलापहरू सामग्रीहरूको बारेमा सहयोगी कार्यकर्तालाई प्रश्न सोधेर सूचना संकलन गरिएको थियो । शिक्षक र अभिभावकहरूलाई समेत सोही प्रकृतिका प्रश्नावली तयार गरेर अन्तर्वार्ता लिई रेकर्ड तयार पारिएको थियो ।*

*नेपाल सरकारले सन् २०१५ सम्ममा सञ्चालन गर्ने सामुदायिक बालविकास कक्षाको संख्या लक्ष्य अनुरुप हासिल हुन नसकेको, बालकक्षाबाट कक्षा एकको सहज भर्नादरमा पुऱ्याउने लक्ष्यमा कमी देखिएको पाइयो । बालविकास कक्षाको अवसर प्राप्त बालबालिकाहरू कक्षा एकमा बढी नियमित हुने र उनीहरूको औषत सिकाइ उपलब्धि दर अवसर प्राप्त नगरेका बालबालिकाको भन्दा उच्च देखियो ।*

*सामुदायिक विद्यालयमा सञ्चालनमा रहेका बालविकास कक्षाहरूमा विद्यार्थी संख्या न्यून हुँदै जानुको प्रमुख कारण शिक्षण सिकाइको माध्यम अंग्रेजी भाषा नभएकोले र नेपाली माध्यमको शिक्षण सिकाईमा अभिभावकहरूको चासो कम भएको पाइयो । तसर्थ आगामी दिनहरूमा सामुदायिक विद्यालयमा सञ्चालन गर्दै आएका बालविकास कक्षाहरू अनिवार्य रुपमा अंग्रेजी माध्यममा रुपान्तरण गरी सञ्चालन गर्नुपर्ने देखियो ।*

# विषय सूची


| क्र.स. नं | शीर्षक | पेज |
|---|---|---|
| १. | सिफारिस पत्र | |
| २. | स्वीकृति पत्र | |
| ३. | कृतज्ञता | |
| ४. | शोधसार | |
| | **परिच्छेद एक : परिचय** | |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ५ |
| १.३ | अध्ययनको औचित्य | ६ |
| १.४ | अध्ययनको उद्देश्य | ७ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ७ |
| १.६ | अध्ययनको परिसीमा | ७ |
| | **परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | |
| २.१ | सम्वन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.२ | अध्ययनको धारणात्मक स्वरुप | १० |
| २.३ | अध्ययनको शैक्षिक उपादेयता | १२ |
| | **परिच्छेद तीनः अध्ययन विधि** | |
| ३.१ | अनुसन्धानात्मक ढाँचा | १४ |
| ३.२ | जनसंख्या र नमूना | १४ |
| ३.२.१ | जनसंख्या | १४ |
| ३.२.२ | नमूनाको छनौट विधि | १४ |
| ३.२.३ | नमूनाको आकार | १५ |
| ३.३ | अनुसन्धानका साधनहरू | १५ |
| ३.३.१ | सहयोगी कार्यकर्ताको लागि प्रश्नावली | १५ |
| ३.३.२ | शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली | १५ |
| ३.३.३ | अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली | १४ |

३.४ तथ्याङ्कको स्रोत १६

३.४.१ प्राथमिक स्रोत १६

३.४.२ द्वितीय स्रोत १६

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया १६

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया १७

**परिच्छेद चार : नतिजा विश्लेषण र व्याख्या**

४.१ प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तरको अवस्था १८

४.१.१ बालविकास केन्द्रहरूको संख्या १८

४.१.२ विद्यालय क्षेत्र सुधार योजनामा प्रारम्भिक बालशिक्षा तथा विकास १९

४.१.३ बालविकास कार्यक्रमबाट कक्षा १ को भर्नादर १९

४.२ प्रारम्भिक बालविकास कक्षाको अवसर प्राप्त र अप्राप्त बीच तुलनात्मक विश्लेषण २१

४.३ प्रारम्भिक बालविकास कक्षाले बालबालिकाको सिकाइमा पारेको प्रभाव २३

४.३.१ बालविकास कक्षाको अनुभव सहित कक्षा एकका विद्यार्थीको नियमितता २४

४.४ प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि सम्बन्धी समस्याहरू २५

४.४.१ सहयोगी कार्यकर्तासँग सम्बन्धित समस्याहरू २६

४.४.२ अभिभावकसँग सम्बन्धित समस्याहरू २७

४.४.३ विद्यालयसँग सम्बन्धित समस्याहरू २८

४.४.४ प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि सम्बन्धी अन्य समस्याहरू २८

**परिच्छेद पाँच : निष्कर्ष र सुझाव**

५.१ निष्कर्ष ३१

५.२ सुझावहरू ३३

५.२.१ नीतिगत तह ३३

५.२.२ कार्यान्वयन तह ३४

५.२.३ अनुसन्धान तह ३५

सन्दर्भ सामग्री

अनुसूची

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

शिक्षा मानिस जन्मेदेखि मत्यु पर्यन्त चलिरहने एउटा अविच्छिन्न प्रक्रिया हो । मानिसले औपचारिक तथा अनौपचारिक रुपमा केही न केही कुरा सिकिरहेको हुन्छ । बच्चा जन्मने वित्तिकैदेखि सिकाइ प्रारम्भ हुन्छ । उसको शारीरिक वृद्धिसँगै सिक्ने क्रममा पनि विकास हुँदै जान्छ । यसरी नै जब बालक ४ वर्ष पूरा हुन्छ उसलाई प्रारम्भिक बालविकास केन्द्रमा भर्ना गरी औपचारिक सिकाइको थालनी गर्ने व्यवस्था गरिएको छ । त्यसैले प्रारम्भिक बालविकास केन्द्रदेखि बालबालिकाको वौद्धिक, मानसिक सिकाइ बालमैत्री वातावरण गर्ने गरिएको छ ।

सन् २०१५ सम्म सबैका लागि शिक्षा पुऱ्याउन डकार सम्मेलनले तय गरेको ६ वटा उद्देश्यमध्ये पहिलो उद्देश्य प्रारम्भिक बालविकास वा पूर्व प्राथमिक शिक्षा रहेको छ । यस उद्देश्यमा विशेष गरी असुरक्षित वा पिछडिएको बालबालिकाको प्रारम्भिक बाल हेरचाह र शिक्षा एवं सक्षमता विस्तारमा व्यापकता ल्याउने उद्देश्य राखिएको छ । नेपालले पनि प्रारम्भिक बालविकास कार्यक्रमलाई विद्यालय संरचनामा समावेश गरी संचालन गरेको छ । यसरी प्रारम्भिक बालविकास केन्द्रहरूलाई विद्यालयमा आधारित बालविकास र समुदायमा आधारित बालविकास केन्द्र गरी दुई प्रकारमा विभाजन गरिएको छ । तथापि शिक्षा ऐन २०२८ (संसोधन समेत) ले चार वर्ष उमेर पुगेका बालबालिकालाई एक वर्ष दिइने शिक्षालाई प्रारम्भिक बालविकास भनी उल्लेख गरेको छ । त्यसैले प्रारभिक बालविकास औपचारिक सिकाइको आधार हो भन्न सकिन्छ ।

रेग्मी (२०६१), कक्षा कोठामा मनोविज्ञान, काठमाडौँका अनुसार मानव विकास आमाको गर्भबाट सुरु भएर मृत्यु पर्यन्त चलिरहन्छ । विकासात्मक मनोवैज्ञानिकहरूले मानव विकासलाई जन्म पूर्व र जन्म पश्चात दुई भागमा बाँडेका छन् । मनोवैज्ञानिकहरूले २ वर्षदेखि ५ वर्षसम्मको अवधिलाई प्रारम्भिक बाल्यावस्था नामाकरण गरेका छन् । यस उमेरका बालबालिका ज्यादै चकचके र जिज्ञासु स्वभावका हुन्छन् । सामाजिकीकरणको साथसाथै कियात्मक र संज्ञानात्मक विकासका दृष्टिकोणबाट पनि यस समयावधिको उमेरलाई महत्वपूर्ण मानिन्छ । आमा बाबुको

अनुसार यो उमेर दुःखपूर्ण र खेलौनाको उमेर, शिक्षाविद अनुसार पूर्व विद्यालय उमेर र मनोवैज्ञानिकहरूका अनुसार पूर्व बाल समूहको उमेर भनी नामाकरण गरेको पाइन्छ ।

मानिसको ५०% बौद्धिक विकास जन्मदेखि पाँच वर्षको उमेर सम्ममा भइसक्ने विभिन्न अनुसन्धानले देखाएको छ । प्राराम्भिक बाल्यावस्था वास्तविक आधारको उमेर भएकोले यस अवस्थामा भएको विकासले पछिको विकासमा प्रत्यक्ष असर पुऱ्याउछ । त्यसैले बालबालिकाको अन्तरनिहित क्षमतालाई पहिल्याएर उपयुक्त दिशातिर प्रवाहित गरी उनीहरूको स्वास्थ्य तथा सुरक्षासँग सम्बन्धित एवं अन्य जीवनोपयोगी तथा स्वालम्वी सीपहरू हासिल गराउन अभिभावक, शिक्षक र स्याहार सुसार गर्ने व्यक्तिहरूको कर्तव्य हुन आउछ (रेग्मी २०६१) ।

"प्रारम्भिक बालविकास कार्यक्रम" भन्नाले प्राथमिक कक्षामा भर्ना हुनका लागि निर्धारित पाँच वर्ष पूरा भई नसेकका बालबालिकाहरूको शरिरिक, समाजिक, संवेगात्मक र बौद्धिक विकास लगायत सर्वाङ्गीण विकासका लागि संचालन गरिने कार्यक्रम भन्ने सम्झनु पर्दछ (प्रारम्भिक बालविकास सम्बन्धी निर्देशिका, २०६१) ।

बालबालिकाको सामाजिक परिवेश अनुरुप विविध शैक्षणिक क्रियाकलापको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सिकाइ क्रियाकलाप संचालन गर्नु नै प्रारम्भिक बालविकासको प्रमुख लक्ष्य हो । प्रारम्भिक बालविकास कार्यक्रमको मुख्य कार्य बालबालिकालाई आफूप्रतिको आत्माविश्वास जगाउन, परिवर्तित समाज र अन्य व्यक्ति प्रति सकारात्मक सन्तुलन कायम गर्न मद्धत पुऱ्याउनका साथै सामाजिक र व्यवहारिक मूल्य मान्यताको आधारमा व्यवहारिक सिकाइ सीप प्रदान गरी उनीहरूमा राष्ट्रियता, संस्कृति र मानविय मूल्यको विकासको लागि आधारशीला खडा गर्नु हो ।

नेपालमा पूर्व प्राथमिक तथा प्रारम्भिक बाल शिक्षा सम्बन्धी प्रयासको थालनी सरकारी स्तरबाट वि.स. २००७ सालमा काठमाडौमा मण्टेश्वरी विद्यालयको स्थापनाबाट भएको पाइन्छ । यसका लागि शिक्षकहरूले सुरुमा भारतबाट तालिम प्राप्त गरेका थिए । वि.स. २०२० सालमा उक्त मण्टेश्वरी विद्यालय तत्कालीन ल्यावोरेटरी स्कुलमा गाभिएको थियो । वि.स. २०२२ साल देखि बालमन्दिरको व्यवस्था भई शिशु सम्बन्धी कार्यक्रमहरू संचालन हुन थालेका थिए (ढकाल २०६३) ।

नेपालमा गठित शिक्षा सम्बन्धी विभिन्न समिति तथा आयोगले पूर्व प्राथमिक तथा प्रारम्भिक बालशिक्षालाई परिभाषित गर्दै संचालनको लागि सुझाव प्रस्तुत गर्दै

आएका छन् । राष्ट्रिय शिक्षा योजना आयोग (२०११), सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८) ले यस सम्बन्धमा सिफारिश गरेका थिए । शिक्षा ऐन २०२८ ले पूर्व प्राथमिक शिक्षा भन्नाले प्राथमिक शिक्षा भन्दा पूर्व चार वर्ष उमेर पुगेका बालबालिकालाई एक वर्ष दिने शिक्षा सम्फनु पर्छ भनी परिभाषित गरेको छ ।

शिक्षा पाउनु प्रत्येक बालबालिकाको नैसर्गिक अधिकार हो । संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणपत्र सन १९४८ मा शिक्षा पाउनु हरेक व्यक्तिको मानव अधिकार भनिएको छ । यसै गरी सन् १९८९ मा संयुक्त राष्ट्र संघको महासभाले बालबालिका सम्बन्धी महासन्धि १९८९ पारित गऱ्यो जसले शिक्षा पाउनु बालकको जन्मसिद्ध अधिकार मानेको छ (सबैका लागि शिक्षा, सहयोगी पुस्तिका २०६३) । सन् २००० मा डकार सम्मेलबाट स्वीकृत कार्यक्रम अनुसार सबैका लागि शिक्षाका लक्ष्य प्राप्त गर्न नेपाल सरकार प्रतिवद्ध छ । यो लक्ष्य प्राप्तिका लागि आगामी १५ वर्षका निमित्त शैक्षिक विकासलाई मार्गदर्शन गर्न नेपाल सरकारले सबैका लागि शिक्षा २००४-२००९ कार्यक्रम मार्फत सघन प्रारम्भिक बाल स्याहार तथा शिक्षाको विस्तारमा जोड दिएको छ ।

नेपालको शिक्षामा प्रारम्भिक बालविकास कार्यक्रमले उल्लेख्य भूमिका खेलेको विभिन्न अध्ययन अनुसन्धानले देखाएको छ । प्रारम्भिक बाल शिक्षाको अवसर पाएका बालबालिकाहरूको कार्यक्षमता र कक्षोन्नति दर अवसर नपाएका बालवालिकाको भन्दा उच्च छ ।

नेपाल भरि नै संचालन भएका प्रारम्भिक बालविकास कार्यक्रमलाई अगाडि बढाउन अग्रणी भूमिका खेल्ने संस्थाहरूमा युनिसेफ, सेभ द चिल्ड्रेन नर्वे, प्लान इन्टरनेसनल, वर्ल्ड भिजन, सेतो गुराँस, इक्वल एक्सेस, नेपाल बाल सुरक्षा संघ आदि गैर सरकारी संस्था हुन् भने नेपाल सरकार शिक्षा तथा खेलकुल मन्त्रालय, शिक्षा विभाग, शिशु शिक्षा शाखा, त्रि.वि., सेरिड आदिले प्रारम्भिक बालविकास कार्यक्रम सम्बन्धी विभिन्न तालिम, सेमिनार, खोज अनुसन्धान, पाठ्यक्रम विकास आदि कार्यक्रम संचालन र परीक्षण गर्दै आइरहेका छन् (प्रारम्भिक बालविकारस दिग्दर्शन २०६२) ।

सबैका लागि शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा लैजानका लागि शिक्षा कार्यक्रम अन्तर्गत नेपालले तयार पारेको पहिलो कार्यक्रम बालविकास कार्यक्रम हो । यसले विद्यालयमा आधारित पूर्व प्राथमिक कक्षा र समुदायमा आधारित प्रारम्भिक

बालविकास केन्द्रहरूको माध्यमबाट पूर्व प्राथमिक तथा प्रारम्भिक बालविकास शिक्षालाई कार्यान्वयन गर्ने व्यवस्था गरेको छ । यस कार्यक्रमको मर्म अनुसार शिक्षा विभागले प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित गरी विकास गर्नका लागि प्रारम्भिक बालविकास दिर्ग्दर्शन (पाठ्यक्रम), २०६२ तयार गरी प्रयोगमा ल्याएको छ । उक्त पाठ्यक्रमले विविध मनोरञ्जनात्मक शिक्षण सिकाइ क्रियाकलापका माध्इमबाट ३ र ४ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरूको सर्वाङ्गिण विकास गरी उनीहरूलाई प्राथमिक विद्यालयका लागि तयार गराउने उद्देश्य राखिएको छ । उक्त मूल उद्देश्य प्राप्त गर्नका लागि पाठ्यक्रमले प्रारम्भिक बालविकासका उद्देश्य यस प्रकार निर्धारण गरेको छ ।

(क) बालबालिकाहरूलाई बौद्धिक, मानसिक, शारीरिक, संवेगात्मक, सामाजिक, नैतिक र सिर्जनात्मक विकासको अवसर प्रदान गर्ने,

(ख) उनीहरूलाई सरसफाई र सुरक्षा सम्बन्धी बानी बसाल्न प्रेरित गर्ने,

(ग) उनीहरूलाई सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने,

(घ) उनीहरूलाई प्राथमिक शिक्षाको लागि तयारी गर्ने,

(ङ) उनीहरूमा विश्वास र सुरक्षाको भावना जागृत गराउने ।

यसरी उक्त पाठ्यक्रमको उद्देश्यले बालबालिकाको रुची, क्षमता र आवश्यकतालाई प्राथमिकता दिदै बालबालिकाको सर्वाङ्गिण विकासमा जोड दिएको छ । त्यस्तै परिवार र समुदायमा रहेका संज्ञानात्मक र मानवीय स्रोतको प्रयोग गर्दै बालबालिकाको सिकाइमा व्यक्ति, ठाउँ र वस्तुसँग सम्पर्क र सम्बन्धलाई मान्यता प्रदान गरेको छ ।

बालबालिकालाई विद्यालय जाने वातावरण र उनीहरूको चौतर्फी विकास गर्न प्रारम्कि बालविकास कार्यकमको उल्लेख्य भूमिका रहेको सन्दर्भमा बालबालिकाको समग्रताको विकास गर्ने ध्येयले स्थापना भएका बालविकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालयको लोकप्रियता दिनदिनै बढ्दै गइरहेको छ । समुदायमा तथा विद्यालयमा स्वीकृत रुपमा आधारित बालविकास कार्यकमले सम्बन्धित पक्षमा पारेको प्रभावको लेखाजोखा गर्नु आवश्यक छ । अफ हाम्रो जस्तो विकशित मुलुकमा यो कार्यकम एउटा नयाँ र कम परीक्षण गरिएको कार्यकम भएकोले सम्बन्धित सरोकारबालाहरूको यस कार्यकम प्रति जिज्ञासा बढेको छ । यसै परिवेशलाई आत्मासात गर्दै प्रारम्भिक

बालविकास कार्यक्रमको महत्वलाई थप स्पष्ट पार्न र यस कार्यक्रमले सिकाइ बातावरणमा पारेको प्रभावको मुल्याङ्कन गर्ने हेतुले यो शोध प्रस्ताव तयार गरिएको हो ।

## १.२ समस्याको कथन

बालवालिकाको सर्वपक्षीय विकास गर्ने उद्देश्यले नेपालमा सरकारी र गैर सरकारी स्तरबाट व्यापकरुपमा प्रारम्भिक बालविकास कार्यक्रमहरू संचालन भै रहेका छन् । वि.स. २०६३ साल सम्म ७५ वटै जिल्लामा ७५०० भन्दा बढी बालविकास केन्द्र स्थापना भएका छन् (न्यौपाने ,२०६३ ) । सवैका लागि शिक्षा कार्य योजना सन् २००१-२०१५ अनुसार २०१५ सम्ममा सहज भर्नादार ८०%, वालविकास केन्द्रबाट भर्ना हुन जाने दर ८०% र वालविकास केन्द्रको सँख्या ७४००० पुर्‍याउने लक्ष्य छ । गैह्र सरकारी तथा निजि स्तरबाट सँचालित शिशु स्याहार, नर्सरी, एल के.जी., र यू के.जी.का कक्षाहरू पनि प्रसस्तै छन् । बालविकास कार्यक्रमलाई  आगामी दिनमा अझ सशक्त र वृहत रुपमा बढाउँदै लैजाने प्रयासहरू भै रहेका छन् । सरकारी र गैर सरकारी दुवै क्षेत्रबाट यस कार्यक्रममा लगानिको दर बढाइएको छ । शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागले प्रारम्भिक वालविकास कार्यक्रमको लक्ष्य प्राप्तिको लागि प्रारम्भिक वालविकास सम्बन्धि निर्देशिका, वालविकास पाठ्यक्रम, वालविकास क्यालेण्डर, प्रारम्भिक बालविकास रणनीति पत्रको प्रकाशन गरेको छ। त्यसै गरी सहयोगी कार्यकर्ता तालिम, सेमिनार जस्ता कार्यक्रमहरू पनि सँचालन गर्दै आएको छ । यसरी निजी तथा सरकारी स्तरबाट प्रारम्भिक वालविकास कार्यक्रममा लगानी बढाउँदै लगेको परिवेशमा कार्यक्रम सँचालनका मुख्य-मुख्य समस्याहरू, यसले वालवालिकाहरूको सिकाइमा वास्तविक रुपमा पारेको प्रभाव, यस कार्यक्रमले प्राथमिक तहको भर्नादरमा ल्याउने परिवर्तन, सहयोगि कार्यकर्ताहरू, विद्यालय, अभिभावकहरूको यस कार्यक्रम प्रतिको धारण र कार्यक्रमको उपादेयता पहिचान गर्न यो शीर्षक छनौट गरिएको छ ।

वालवालिकाहरूको वौद्धिक, शारीरीक, सँवेगात्मक, सामाजिक, नैतिक र सिर्जनात्मक विकास गर्ने हेतुले सरकारी स्तरबाट सँचालित यस्ता प्रारम्भिक वालविकास कार्यक्रमका उदेश्यहरू के कति पुरा भएका छन. । कार्यक्रम सँचालन गरिएको ठाउँमा के कस्तो प्रभाब परेको छ , वालविकास कार्यक्रमले बालवालिकाहरूको

व्यवहार, विकास र सिकाइमा अपेक्षित सुधार ल्याउन सकेको छ कि छैन, प्रारम्भिक वालविकासले वालवालिकाहरूको सर्वाङ्गीग विकास गराई उनीहरूलाई प्राथमिक विद्यालयहरूको लागि तयार गराउने राष्टिय उद्देश्य पुरा गर्न यस कार्यक्रमले कतिको सहयोग पुऱ्याएको छ । जस्ता विषयबस्तुको बारेमा अध्ययन हुनु आवश्यक छ । त्यसै कारण यस प्रारम्भिक वालविकास कार्यक्रमको उपलब्धिस्तर सम्बन्धमा हालसम्म कसैले अध्ययन अनुसन्धान नगरेको हुनाले यो एउटा समस्याको रुपमा रहेको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा विकासको पूर्वाधार हो । पूर्व प्राथमिक शिक्षा प्राथमिक शिक्षाको जग हो, आधार हो । विकासात्मक मनोवैज्ञानिकहरूका अनुसार प्रारम्भिक बाल्यवस्था पछिल्लो विकासको आधारशीला हो । यो जीवनको सिकाइ आरम्भ मनोरञ्जनात्मक शैलीमा गर्ने समयावधि हो । यस सन्दर्भमा प्राथमिक विद्यालय पूरा भै नसकेका वालवालिकाहरूलाई दिइने प्रारम्भिक शिक्षाको वालवालिकाहरूको चौतर्फी विकासमा अहम् भूमिका रहन्छ । प्रारम्भिक वालविकास कार्यक्रममा सरकारी र गैर सरकारी लगानी बढाउँदै लगेको अवस्थामा यसले वालवालिकाहरूको सिकाइमा पुर्‍याएको प्रभाबलाई अध्ययन गर्नु महत्वपुर्ण हुन्छ । यस कार्यक्रमले लक्षित बर्गलाई के कसरी सहज रुपमा शिक्षाको पहुँच पुऱ्याउन भुमिका खेलेको छ भन्ने कुरा पत्ता लगाउन र यसका कमीकमजोरीहरूमा सुधार गरी निश्कर्षमा पुग्न जरुरी छ । यसर्थ यस कार्यक्रममा स्थानीय अभिभावक, विद्यालयका शिक्षक, प्रशासक एवम् सरोकारवालाहरूको संलग्नता कति हदसम्म सन्तोषजनक र नतिजामूखी बन्न सकेको छ भन्ने विषयवस्तु अध्ययनका लागि उपयुक्त ठहर्छ ।

प्रारम्भिक वालविकासका कार्यान्वयन तहमा सँलग्न सहयोगी कार्यकर्ताहरूले शिक्षण सीकाइ वातावरण वालमैत्री बनाउन अपनाउँदा आइपर्ने कमीकमजोरीहरूका वारेमा गहन अध्ययन गरी निश्कर्षमा पुग्न सान्दर्भिक हुन्छ । यस अध्ययनले प्रारम्भिक वालविकासका सबै सरोकारवालाहरूको विषयमा अनुसन्धान गरी निश्कर्ष निकालिने भएकोले यसले राष्ट्रिय स्तरमा शिक्षाको नीति निर्माणकर्ता, शैक्षिक योजनाकार, शिक्षा प्रशासक, पाठ्यक्रम निर्माता, शिक्षक विद्यार्थी तथा सम्बन्धित सबै निकायलाई मद्धत पुऱ्याउने आशा गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्यहरू

प्रारम्भिक बालविकासको प्रभाव अध्ययन गर्न निम्नानुसार उद्देश्यहरू राखिएको छ :

(क) प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि लेखाजोखा गर्नु ।

(ख) प्रारम्भिक बालविकासले बालबालिकाको सिकाइ बातावरणमा पारेको प्रभाव विश्लेषण गर्नु ।

(ग) प्रारम्भिक बालविकास अध्ययन गरेका र नगरेका बालबालिकाबीच भएको उपलब्धिको तुलना गर्नु ।

(घ) प्रारम्भिक बालविकास कार्यक्रमको समस्याहरू पहिचान गरी सुझाब प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

प्रारम्भिक बालविकास कार्यक्रम संचालन भएका केन्द्रहरूमा स्थलगत रुपमा अवलोकन अध्ययन गरी यसमा संलग्न शिक्षक, विद्यार्थी, अभिभावकसंग प्रश्नावलीको प्रयोग गरेर यस अनुसन्धानमा निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिनेछ ।

(क) प्रारम्भिक बालविकास कार्यक्रमले बालवालिकाहरूको सिकाइमा अपेक्षित सुधार ल्याएको छ कि छैन ?

(ख) के प्रारम्भिक बालविकास कार्यक्रममा अवसर प्राप्त बालबालिकाहरू अवसर अप्राप्त बालबालिका भन्दा विद्यालयमा बढी नियमित छन् ?

(ग) के प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाको सिकाइ उपलब्धि दर अवसर नपाएका बालबालिकाहरूको तुलनामा सवल छ ?

(घ) के प्रारम्भिक बालविकास कार्यक्रमले अभिभावक, शिक्षक र समग्र समुदायको विश्वास जित्न सकेको छ ?

(ङ) प्रारम्भिक बालविकास कार्यक्रमले बालवालिकाहरूको चौतर्फी विकास गराउन अपेक्षित भूमिका खेलेको छ कि छैन ?

(च) विद्यालय संरचनामा प्रारम्भिक बालविकासको महत्व छ कि छैन ?

## १.६ अध्ययनको परिसीमा

सरकारी गैर सरकारी क्षेत्र तथा स्थानीय संघ संस्था मार्फत बालविकास

कार्यक्रम संचालन भएका छन् । यस्तो अवस्थामा सम्पूर्ण क्षेत्रमा गई कार्यक्रमको अध्ययन गर्न साधन र स्रोतले नम्याउने भएको हुनाले झापा जिल्लाको १७ वटा स्रोतकेन्द्रहरू मध्ये पथरिया स्रोतकेन्द्र, पृथ्वीनगर स्रोतकेन्द्र र चन्द्रगढी स्रोतकेन्द्र गरी ३ वटा स्रोतकेन्द्रहरूमा संचालित बालविकास केन्द्रहरू मध्ये प्रत्येक स्रोतकेन्द्रका ३।३ वटा बालविकास केन्द्रहरूमा यो अध्ययन सीमित रहनेछ । उक्त स्रोतकेन्द्र अन्तर्गत नमूना छनौटमा परेका तीन तीन वटा बालविकास केन्द्रहरूमा बालविकास कक्षामा रहँदाको सिकाइको अवस्था र सो बालविकास कक्षाबाट सोही विद्यालयको कक्षा एकमा भर्ना भई हासील भएको सिकाइ उपलब्धि स्तर सम्बन्धी मात्र तुलनात्मक अध्ययन गरिएको छ ।

यस अध्ययनको समय सीमा दुई वर्ष रहेको थियो । प्रारम्भिक बालविकास कक्षामा अध्ययन गर्ने विद्यार्थीहरू सोही विद्यालयको कक्षा एकको अन्तिम परीक्षामा सामेल भइ प्राप्त गरेको औसत उपलब्धि सम्बन्धी मात्र तुलना गरिएको थियो । यस अध्ययनमा नमूना छनौट उद्देश्यपूर्ण विधिमा सीमित रहेको थियो । यस अध्ययनबाट प्राप्त निष्कर्ष छनौटमा परेका तीनवटा स्रोतकेन्द्रमा मात्र सामन्यिकरण गरिएको थियो ।

# परिच्छेद दुई : साहित्यको पुनरावलोकन र सैद्धान्तिक स्वरुप

कुनै पनि अध्ययन अनुसन्धान गर्न सो अध्ययन गर्ने विषयवस्तुसँग सम्बन्धित लेख रचना, शोधपत्र र सिद्धान्तहरूको अध्ययन गरिनुपर्दछ । यसले नयाँ शोधकार्यलाई अगाडि बढाउन  साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाको रुपमा सहयोग पुऱ्याउँछ । तसर्थ सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक स्वरुपको अध्ययन गर्नुपर्दछ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको सिकाइमा ल्याएको परिवर्तनलाई अध्ययन अनुसन्धानहरूले प्रमाणित गरेका छन् । बालविकास कार्यक्रमले बालबालिकाको सिकाइमा प्रभाव पारेको तथ्य देखिएको छ । यस सन्दर्भमा विभिन्न खोज अनुसन्धानकर्ताहरूको अनुसन्धानात्मक भनाईहरू राख्नु उपयुक्त हुन्छ ।

गौतम, (२०६३) ले लेखेको प्रारम्भिक बालशिक्षा कार्यक्रमले बालबालिकाको सिकाइमा पारेको प्रभाव शोधपत्र अनुसार प्रारम्भिक बालशिक्षा प्राप्त बालबालिकाहरूको औसत प्राप्ताङ्क तथा कक्षा उत्तीर्ण दर बालशिक्षा अप्राप्त बालबालिकाहरूको भन्दा उच्च रहेको छ ।

न्यौपाने, (२०६३) ले पूर्वप्राथमिक कक्षाको पाठ्यक्रम कार्यान्वयन एक अध्ययन नामक शोधपत्रमा प्रारम्भिक बालशिक्षाको पाठ्यक्रम फ्रोवेल र मन्टेश्वरी सिद्धान्तसँग मिल्दोजुल्दो पाइएको देखाएका छन् । प्रारम्भिक बालशिक्षा कार्यक्रम सञ्चालन भएका केन्द्रहरूमा बालशिक्षा कक्षामा बालविकासका लागि सञ्चालन गरिने क्रियाकलापहरूमा सामाजिक, शारीरिक र संवेगात्मक पक्षलाई समेटेको पाइयो ।

पौडेल, (२०६६) ले प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता शीर्षकमा झापा जिल्लाको शनिश्चरे स्रोतकेन्द्र अन्तर्गत एकिकृत रुपमा बालविकास कार्यक्रम सञ्चालन गरेर ६ वटा विद्यालयहरूलाई नमूनाको रुपमा लिई छलफल, अन्तर्वार्ता, अवलोकन जस्ता साधनको माध्यमबाट संकलन गरिएका तथ्याङ्कको आधारमा तयार पारिएको शोधपत्रअनुसार प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरूमा विद्यालयमा जाने बानीको विकास गराउनुको साथै उनीहरूको शैक्षिक, मानसिक र सामाजिक विकासमा उल्लेख्य सहयोग पुऱ्याएको देखिन्छ । यस कार्यक्रमले

अभिभावक, बालबालिका, प्रधानाध्यापक, शिक्षक, सहयोगी कार्यकर्ता तथा सम्पूर्ण समुदायकै मन जित्न सकेको देखिए तापनि सहयोगी कार्यकर्ताको संख्या कम भएको, सहयोगी कार्यकर्तालाई दिइएको तालिम पर्याप्त नभएको तथा सहयोगी कार्यकर्तालाई दिइने पारिश्रमिक र शैक्षिक सामग्री खरीद गर्न दिइने सरकारी अनुदान अपर्याप्त भएको पाइयो ।

विभिन्न क्षेत्रीय तथा अन्तर्राष्ट्रिय लेख, रचना तथा अनुसन्धान पश्चात यस अध्ययनमा प्रारम्भिक बालविकास कार्यक्रमसँग सम्बन्धित शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागबाट प्रकाशित भएका प्रारम्भिक बालविकास दिग्दर्शन, बालविकास निर्देशिका, बालविकास क्यालेन्डर, बालविकास रणनीति पत्र आदि जस्ता पुस्तकलाई अध्ययनको थप आधार बनाइएको छ ।

## २.२ अध्ययनको धारणात्मक स्वरुप

प्रारम्भिक बाल्यवस्था अत्यन्तै जिज्ञासु र नक्कल गर्ने उमेर हो । यस अवस्थाका बालबालिकाहरूलाई खुल्ला वातावरणमा मनोरञ्जनात्मक तवरले गरेर सिक्ने अवसर प्रदान गर्न सकेमा सिकाइ दिगो र अर्थपूर्ण हुन्छ । त्यसैले यस अध्ययनमा फ्रोबेलको बाल बगैंचा पद्धति र मन्टेश्वरीको बाल गृह शिक्षा पद्धतिलाई धारणात्मक स्वरुपको रुपमा लिइने छ ।

फ्रोबेल (१७८३-१८५४) ले प्रतिपादन गरेको प्रसिद्ध शिक्षण पद्धतिलाई किन्डर गार्डन भनिन्छ । उनको शिक्षण पद्धति बालकेन्द्रित छ, दण्ड सजायको व्यवस्था छैन । पारिवारिक वातावरणमा शिक्षा आर्जन गर्ने अवसर प्रदान गरिन्छ । शिक्षण पद्धतिमा खेल विधि अपनाइन्छ । प्रारम्भिक बालविकासहरूमा पनि बगैंचा, बालुवा, ढुङ्गा, चाकाचुली, खेलौना आदिको व्यवस्था हुने र खेल विधिलाई शिक्षणको मूल आधार बनाईने भएको हुँदा यस अध्ययनको क्रममा फ्रोबेलको बाल बगैंचा विधिलाई अध्ययनको आधार बनाइएको छ ।

फ्रोबेलका अनुसार बालबालिकाको प्रकृति नै गीत गाउँने, संकेत गर्ने, विभिन्न कुराहरू बनाउने, अर्काको नक्कल गर्ने आदि हुन्छ । बालबालिकाले यस्ता क्रियाकलापबाट आफ्ना मनका भावनाहरू र वेदनाहरू पोख्ने गर्छन् । विद्यार्थीका यस्ता क्रियाकलापबाट हामीले उनीहरूको भावना र विचारहरू बुझ्नु पर्दछ । यस्ता क्रियाकलापबाट विद्यार्थीका हात, आँखा, कान, नाक, मस्तिष्कको अभ्यास हुन्छ । कुनै

पनि कुराहरू पढाउँदा गीत, कथा, नाटक आदिबाट पढाउने, कागजका टुक्राहरू, माटाका सरसामानहरू प्रयोग गर्ने, विभिन्न तस्विरहरूको प्रयोग गर्ने उनको सिद्धान्तमा उल्लेख छ । शिक्षकले माया, प्रेम, स्नेह र सद्भावपूर्वक विद्यार्थीलाई निर्देशन गर्नु शिक्षणको अपरिहार्य कार्यहरू मानिन्छ । तसर्थ प्रारम्भिक बालविकास कक्षाको बालबालिकाहरूलाई पनि बालकेन्द्रित शिक्षण विधिको प्रयोग गरी बालबालिकामा निहित प्रतिभा प्रस्फुटन गराउने भएको हुँदा यस अध्ययनमा फ्रोबेलको बालबगैंचा पद्धतिलाई अध्ययनको आधार बनाइएको छ ।

मन्टेश्वरी (१८७०-१९५२) ले बाल स्वतन्त्रता र खेलकुदद्वारा शिक्षण गरिने विचारलाई मन्टेश्वरी विधिको रुपमा विकसित गरिन् । उनको किन्डर गार्डेन विधि शिक्षा पद्धतिको मेरुदण्ड मानिन्छ । उनका अनुसार बालबालिकामा अन्तरनिहित प्रतिभा हुन्छ, जसलाई शिक्षाले उजार गर्नुपर्छ । बालबालिकाहरूलाई स्वतन्त्रता पूर्वक आफ्ना विचार र संवेगहरू अभिव्यक्त गर्न दिनुपर्छ । बालबालिकाहरू आफ्नै गतिले सिक्दछन् । मांशपेशी र ज्ञानेन्द्रियको उचित ताल मिलाई प्रारम्भिक बाल्यवस्थाका बालबालिकाहरूलाई दिइने शैक्षिक प्रक्रियामा मन्टेश्वरीले जोड दिएकी छन् । प्रारम्भिक बालविकास कार्यक्रमको लक्ष्य बालबालिकाको चौतर्फी विकास गर्नु भएकोले यस अध्ययनको क्रममा मन्टेश्वरी शिक्षणक पद्धतिलाई पनि आधार बनाइएको छ ।

मण्टेश्वरी शिक्षण विधि अनुसार बालबालिकाको उमेर अनुसार बालबालिकाहरूलाई प्रयोगात्मक र शारीरिक अभ्यासका केही कार्यहरू जस्तैः प्रार्थना गर्ने, गीत गाउने, शारीरिक अभ्यास गर्ने र खेलकुद गर्ने कार्य गराउँदा शिक्षकले सहजकर्ताको भूमिका मात्र खेल्नु पर्ने हुन्छ । त्यसपछि उनीहरूलाई आफूले जानेका र घरमा व्यवहारमा ल्याइने सामग्रीहरू जस्तै : जुत्ता, सर्ट, टाई, मेच, टेबल, ढोका, झ्याल जस्ता कुराहरूको धारणा दिदै शिक्षण गराउँदा उनीहरूको इन्द्रियहरूलाई निश्चित सामग्रीद्वारा अभ्यस्त गराउन सकिन्छ ।

उनको सिद्धान्त अनुसार दोस्रो चरणमा विद्यार्थीहरूलाई मिलेर बस्ने, राम्ररी उभिने, लाइन लागेर हिँड्ने, लामो छोटो लाइन बनाउने, विभिन्न रङहरू चिन्न लगाउने, विभिन्न साइजका वस्तुहरू मिसाइ छुट्याउन लगाउने, आँखा बन्द गरी छोएर समान पत्ता लगाउने, आवाज चिन्न लगाउने, विभिन्न खेलहरू खेलाउने

गर्नुपर्दछ । यसबाट उनीहरू क्रियाशील रहने, खुशी हुने, इन्द्रियहरूको ज्ञान विकास हुने, लामो छोटो, धेरै थोरै जस्ता धारणाहरूको विकास हुन्छ ।

तेस्रो चरणमा केटाकेटीलाई लुगा लगाउन, लुगा फुकाल्न, नुहाउन, धुलो झार्न, एक ठाउँबाट अर्को ठाउँमा स-साना सामान लान, फलाम, ढुङ्गा र काठका टुक्राहरूलाई ठोकेर आवाज निकाली चिन्न, प्वाल भएका वस्तुहरूमा प्वालबाट सामान छिराउन लगाउने जस्ता ज्ञानको विकास र इन्द्रियहरूको क्रियाशीलता बढाउने कार्यमा संलग्न गराउनु पर्दछ । चौथो चरण अनुसार केटाकेटीहरूलाई छरिएका सामग्रीहरू मिलाउन, हातखुट्टा, मुख, नाक, आँखा कान सफा गर्न लगाउने, लय हालेर गीत गाउने, चित्रहरूमा रङ भर्न लगाउने कार्यमा समावेश गराउनु पर्दछ । उनले यी चरणहरूमा बालबालिकाहरूको पूर्ण इन्द्रियहरूको तालिम भइसक्ने कुरा व्यक्त गर्नु भएको छ ।

यस अध्ययनमा प्रारम्भिक बालविकास कक्षामा रहने बालबालिकाहरूको स्वभाव र उमेर मण्टेश्वरीको बालगृहको सिद्धान्तसँग ठ्याक्कै मेल खाने भएकोले बालविकास कक्षा सञ्चालन गर्न क्रियाकलापहरू छनौट गर्दा विधिहरू, शैक्षिक सामग्रीहरूको व्यवस्थापनका क्रममा यस सिद्धान्तलाई कार्यान्वयन गर्न सकिन्छ ।

## २.३ अध्ययनको शैक्षिक उपादेयता

यस अध्ययनमा छनौटमा परेका केन्द्रहरूलाई स्थलगत रुपमा अध्ययन गरिने हुँदा प्रकृतिवाद, प्रयोजनवाद, फ्रोबेल र मन्टेश्वरीका सिद्धान्तहरूलाई अध्ययनको क्रममा प्राप्त तथ्याङ्क, प्रतिक्रिया, प्रक्रिया र परिणामसँग तुलनात्मक रुपमा विश्लेषण गरिएको छ । साथै सम्बन्धित साहित्यको पुनरावलोकनबाट प्राप्त भएका प्राप्ति र यस अध्ययनको प्राप्तिबीच तुलनात्मक अध्ययन गरिएको छ ।

यस प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धिस्तर सम्बन्धी गरिएको अध्ययनमा साहित्यो पुनरावलोकनले यसका उद्देश्यहरू निर्धारण गर्न सहयोग पुऱ्याएको छ । यसले जनसंख्या र नमूना छनौट गर्न समेत मद्दत पुऱ्याएको छ । अनुसन्धानात्मक साधनहरू, तथ्याङ्कका स्रोत, तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्क विश्लेषण प्रक्रिया सम्बन्धमा सहयोग पुऱ्याएको छ । यस विषयको नतिजा छलफल गर्न, विभिन्न प्रस्तुतिकरण र संख्यात्मक तालिकाको व्याख्या गर्न साथै त्यसको मूल

प्राप्तिको निचोड निकाल्न पूर्व अनुसन्धानात्मक शोध-पत्र र लेख रचनाहरूको अध्ययनले सहयोग पुऱ्याएको छ ।

यस अध्ययनमा सहयोग पुऱ्याउन सैद्धान्तिक खाकाको उल्लेख्य भूमिका रहेको छ । फ्रोबेलको बालबगैंचा सिद्धान्तले प्रारम्भिक बालविकास कक्षामा शिक्षण गर्दा प्रयोग गरिने शिक्षण विधि छनौट गर्न, शैक्षिक सामग्री छनौट गर्न, बालबालिकाको भावना र बेदनाहरू बुझ्न सहयोग पुऱ्याएको छ । उनको सिद्धान्तले बालबालिकाहरूलाई शिक्षण गर्न गीत, कथा, नाटकको प्रयोग गर्नुपर्ने कुरामा मद्दत पुऱ्याएको छ ।

यस अध्ययनमा प्रयोग गरिएको दोस्रो सैद्धान्तिक खाका मन्टेश्वरीको बालगृह पद्धतिले बालबालिकाहरू स्वतन्त्रपूर्वक सिकाइ गर्न चाहन्छन् र सोही अनुसार शिक्षण सिकाइ प्रक्रिया अपनाउनुपर्छ भन्ने सम्बन्धमा सहयोग पुऱ्याएको छ । बालबालिकाहरूलाई आफूले जानेका र घरमा व्यवहारमा ल्याइने ठोस सामग्रीको प्रयोग गरेर शिक्षण सिकाइ गर्नुपर्छ भन्ने कुरामा यसले सहयोग पुऱ्याएको छ । उनको सिद्धान्तमा सिकाइलाई सरलबाट जटिलतर्फ चरणबद्ध रुपमा प्रस्तुत गर्दै शारीरिक, मानसिक, संवेगात्मक र संगठित सोचाइ सम्बन्धमा सिकाइ गर्नुपर्छ भन्ने कुरा उल्लेख गरिएको छ । यसले प्रारम्भिक बालविकास कक्षाका बालबालिकाहरूलाई शिक्षण गर्ने विधि र क्रियाकलाप छनौट गर्न सहयोग पुऱ्याएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

कुनैपनि अनुसन्धान कार्य गर्न त्यस विषयसँग सम्बन्धित तथ्याङ्क संकलन गर्न, नमूना छनौट गर्न, नमूनाका आकार निर्धारण गर्न, अनुसन्धानका साधनहरूको छनौट गर्न विभिन्न प्रक्रियाहरू अवलम्बन गर्नुपर्दछ । ती तथ्याङ्कहरूको संकलन प्रक्रिया र विश्लेषण गरेर त्यसबाट प्राप्त नतिजालाई अनुसन्धानको निष्कर्षमा पुऱ्याउने सम्पूर्ण प्रक्रियालाई अनुसन्धानको अध्ययन विधि भनिन्छ । अनुसन्धानको अध्ययन विधिले अध्ययनको प्रकृति गुणात्मक वा परिमाणात्मक वा मिश्रित के हो भनी किटान गरेको हुन्छ ।

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत अनुसन्धानमा गुणात्मक र परिमाणात्मक दुवै विधिहरू उपयोग गरिने भएकोले यो मिश्रित अनुसन्धान ढाँचा हुनेछ । सङ्कलित तथ्याङ्कको गुणात्मक व्याख्या विश्लेषणका साथै परिमाणात्मक साधनहरूको समेत प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ ।

## ३.२ जनसंख्या र नमूना

### ३.२.१ जनसंख्या

यस अध्ययनमा झापा जिल्लाका १७ वटा स्रोतकेन्द्र मध्ये छनौटमा परेका तीनवटा स्रोतकेन्द्रहरूमा सञ्चालित बालविकास केन्द्रका सम्पूर्ण विद्यार्थीहरू, सहयोगी कार्यकर्ताहरू, सम्पूर्ण विद्यार्थीका अभिभावकहरूलाई अध्ययनको पूर्ण जनसंख्या मानिने छ । यी तीनवटा स्रोत केन्द्रहरू क्रमशः पथरिया स्रोतकेन्द्र, पृथ्वीनगर स्रोतकेन्द्र र चन्दगढी स्रोतकेन्द्र रहेका थिए ।

### ३.२.२ नमूनाको छनौट विधि

यस अध्ययनका लागि छनौट गरिएको पूर्ण जनसंख्याको अध्ययन गरी तथ्याङ्क प्राप्त गर्न कठिन मात्र नभई असम्भव नै हुने भएकोले नमूना छनौट प्रक्रिया आवश्यक पर्दछ । यसर्थ यस अध्ययनलाई सार्थक बनाउनको लागि सहयोगी कार्यकर्ताहरू उद्देश्यपूर्ण विधिबाट र अभिभावकहरूलाई स्तरीकृत विधिबाट छनौट गरिएको छ भने विद्यार्थीहरूलाई सम्भावनायुक्त छनौट विधिको प्रयोगद्वारा छनौट गरियो ।

### ३.२.३ नमूनाको आकार

यस अध्ययनको लागि छनौट गरिएको पूर्ण जनसंख्या मध्येबाट ९ जना सहयोगी कार्यकर्ताहरू, ३६ जना विद्यार्थी र ९ जना अभिभावकहरूलाई वास्तविक अध्ययनको जनसंख्याको आकार मानिने छ र सो कुरालाई पूर्ण जनसंख्यामा सामन्यिकरण गरियो ।

## ३.३ अनुसन्धानका साधनहरू

यस अध्ययनलाई अर्थपूर्ण, तथ्यपूर्ण र सार्थक बनाउनका लागि प्रत्यक्षक भेटघाट, छलफल, अन्तर्वाता, अवलोकन र प्रश्नावली जस्ता साधनलाई उपयोग गरिएको छ । अन्तर्वार्तामा सहयोगी कार्यकर्ता, व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक र विद्यार्थी सबैलाई नमूना छनौट गरी संलग्न गरियो ।

### ३.३.१ सहयोगी कार्यकर्ताको लागि प्रश्नावली

अध्ययनको लागि छनौट गरिएका ९ जना सहयोगी कार्यकर्ताहरूबाट सूचना संकलन गर्न प्रारम्भि बालविकास कक्षा सञ्चालन गर्दा प्रयोग गर्ने गरेका क्रियाकलापहरू, विधिहरू, शैक्षिक सामग्रीहरू, कक्षाकोठाको व्यवस्थापन, त्यसका मुख्य समस्याहरू र ति समस्या समाधान गर्न सम्बन्धित सहयोगी कार्यकर्ताले अपनाएका उपायहरूका बारेमा ६ वटा खुल्ला प्रश्नहरू निर्माण गरिएको थियो (अनुसूची ६ मा दिइएको छ) ।

### ३.३.२ शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली

यस अनुसन्धानमा छनौट गरिएका ९ वटा विद्यालयमा कक्षा १ मा शिक्षण गर्ने ९ जना शिक्षकहरूलाई प्रारम्भिक बालविकास कक्षा अध्ययन गरेर कक्षा १ मा भर्ना भएका बालबालिकाहरूमा सुनाई सीप, बोलाई सीप, पढाई सीप, सामाजिक सीप एवम् संवेगात्मक पक्षमा आएको परिवर्तनका सम्बन्धमा पाँचवटा प्रश्नावलीहरू निर्माण गरी उनीहरूको अन्तर्वार्ता लिइएको थियो (अनुसूची ७ मा दिइएको छ) ।

### ३.३.३ अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली

अध्ययनका लागि छनौट गरिएका ९ जना अभिभावकहरू समक्ष अनुसन्धानकर्ता आफै उपस्थित भएर उनीहरूलाई बालविकास कक्षामा बालबालिका अध्ययन गर्दा लागेको विचारहरूलाई ७ वटा प्रश्नहरूद्वारा अन्तर्वार्ता लिएर सूचना संकलन गरिएको थियो । उक्त अन्तर्वार्ताको क्रममा अभिभावकहरूसँग बालविकास कक्षालाई अझ बढि

प्रभावकारी बनाउन गर्नुपर्ने सुधारात्मक कार्यहरूको बारेमा सुझाव समेत दिइएको थियो (अनुसूची ८ मा दिइएको छ) ।

## ३.४ तथ्याङ्कको स्रोत

यस अध्ययनको लागि आवश्यक पर्ने सम्पूर्ण तथ्याङ्कहरू संकलन गर्न निम्न प्रकारका तथ्याङ्कका स्रोतहरू प्रयोग गरिएको छ :

### ३.४.१ प्राथमिक स्रोत

यस अध्ययनमा प्राथमिक स्रोतका रुपमा छलफल, अन्तर्वार्ता, अवलोकन आदिलाई समावेश गरिएको छ । यसका अतिरिक्त बालबालिकाहरूको प्रगति विवरण, मार्कलेजर र उपस्थिति बहीलाई पनि प्राथमिक स्रोतका रुपमा लिइयो ।

### ३.४.२ द्वितीय स्रोत

यस अन्तर्गत बालविकास कार्यक्रमसँग सम्बन्धित विभिन्न लेख, रचनाहरू, बालविकास दिग्दर्शनलाई द्वितीय स्रोतका रुपमा उपभोग गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यस प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धिस्तर सम्बन्धी अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्न अनुसन्धानकर्ता आफै नमूना छनौटमा परेका विद्यालयहरूमा स्थलगत भ्रमण गरेर रिर्पोट र सूचनाहरू संकलन गरेको थियो । सहयोगी कार्यकर्ताको लागि प्रश्नावली प्रयोग गरी उनीहरूलाई अन्तर्वार्ता लिएर यस सम्बन्धमा तथ्याङ्क संकलन गरिएको थियो । विद्यार्थी र अभिभावकहरूलाई पनि प्रश्नावलीको प्रयोग गरेर तथ्याङ्क संकलन गरिएको थियो ।

छनौटमा परेका विद्यालयमा रहेको विद्यालयको नतिजा पुस्तिका, उपस्थिति पुस्तिका, सहयोगी कार्यकर्ताको विस्तृत विवरण जस्ता तथ्याङ्क संकलन गरियो । विद्यालयमा प्रारम्भिक बालविकास कक्षामा अध्ययन गर्ने र सोही विद्यालयमा कक्षा १ मा अध्ययन गर्ने बालबालिका सम्बन्धी सूचना संकलन गर्न कक्षा अवलोकन फारमको प्रयोग गरिएको थियो । विद्यालयको उपस्थिति पुस्तिकाको अभिलेखबाट वर्षभरीमा विद्यालय खुलेको दिन र औसत विद्यार्थी उपस्थिति दिन रेकर्ड गरी संकलन गरिएको थियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययनको वास्तविकता तथ्याङ्कहरूको व्याख्या विश्लेषणबाट पत्ता लगाउन सकिने भएकोले सङ्कलित तथ्याङ्कहरूलाई विभिन्न प्रक्रियाहरू अवलम्वन गरी विश्लेषण गरिएको छ । मुख्यतया यस अध्ययनको व्याख्या विश्लेषणका लागि तालिकाहरू, प्रतिशत, स्तम्भचित्रहरू र वृत्तचित्रहरूको प्रयोग गरेर तुलनात्मक व्याख्या विश्लेण गरिएको छ ।

छनौटमा परेका बालविकास केन्द्रमा अनुसन्धानकर्ता आफै स्थलगत भ्रमणमा पुगेर त्यहाँ संकलन गरिएका सुचना र तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ । यस प्रसङ्गमा बालविकास कक्षाबाट सोही विद्यालयको कक्षा १ मा भर्नादर पत्ता लगाउन कक्षा १ को जम्मा विद्यार्थी संख्या मध्ये बालविकास कक्षाबाट कति जना भर्ना भएका थिए र सो संख्या जम्मा विद्यार्थीको कति प्रतिशत थियो भनी तालिकामा प्रस्तुत गरिएको छ । प्रारम्भिक बालविकास कक्षाको अवसर प्राप्त बालबालिकाहरू कक्षा एकमा नियमित हुन्छन् भन्ने तथ्यलाई पुष्टि गर्न वर्ष भरीमा विद्यालय खुलेको दिन र औसत विद्यार्थी उपस्थितिलाई तालिकामा प्रस्तुत गरेर तुलनात्मक अध्ययन गरिएको छ ।

कक्षा एकमा अध्ययन गर्दै गरेका बालविकासहरूमा बालविकास कक्षाको अनुभवले सिकाइमा पारेको प्रभाव बारेमा तथ्याङ्क विश्लेषण गर्न उनीहरूमा भाषिक सीपमा भएको परिवर्तन, सामाजिक र संवेगात्मक विकासको स्तर अवलोकन फारममा रेकर्ड गरी त्यसलाई तालिकामा प्रस्तुत गरिएको छ । बालविकास कक्षाको अवसर प्राप्त बालबालिका र अवसर अप्राप्त बालबालिकाहरूको विषयगत औसत प्राप्ताङ्कलाई तालिकामा प्रस्तुत गरी त्यसलाई स्तम्भ चित्रमा पनि राखिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल

यस अनुसन्धानका निमित्त प्राथमिक तथा द्वितीय स्रोतहरूबाट तथ्याङ्क संकलन गरिएका थिए । तिनीहरूको विश्लेषण र व्याख्या सम्बन्धित उपशीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ । तथ्याङ्क विश्लेषण र व्याख्या गर्ने क्रममा सर्वप्रथम बालविकास कार्यक्रमको उपलब्धि लेखा जोखा गर्ने कार्य नेपाल सरकारको सन् २०१५ सम्ममा बालविकास केन्द्रको संख्या र त्यस मार्फत कक्षा १ को भर्नादरमा पुऱ्याउने लक्ष्य हालसम्मको स्थितिलाई प्रस्तुत गरिएको छ ।

## ४.१ प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धिस्तरको अवस्था

प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धिस्तर सम्बन्धमा गरिएको यस अनुसन्धानमा झापा जिल्लाको प्रारम्भिक बालविकास कार्यक्रम झापा जिल्लाको बालविकास केन्द्रहरूमा अध्ययन गर्ने शिलशिलामा राष्ट्रियस्तरमा बालविकास कार्यक्रमको वर्तमान अवस्थामा समेत प्राप्त तथ्याङ्कको आधारमा लेखाजोखा गरियो । यस सन्दर्भमा राष्ट्रिय लक्ष्य अनुरुप बालविकास कक्षा सञ्चालन हुन सकेका छन् वा छैनन् भन्ने विषयमा खोज गरिएको छ । त्यसैगरी विद्यालय क्षेत्र सुधार कार्यक्रमले बालविकास कक्षा सञ्चालन गर्न अपनाएका रणनीति र हालसम्मको प्रगतिको विश्लेषण गरिएको छ । यसको सहज भर्नादर स्थिति र हालसम्मको अवस्था तपशील बमोजिम प्रस्तुत गरिएको छ ।

### ४.१.१ बालविकास केन्द्रहरूको संख्या

हालसम्ममा नेपालको ७५ वटै जिल्लामा पूर्व प्राथमिक विद्यालय तथा बालविकास केन्द्रहरूको संख्या ३४,१७४ रहेको छ । सन् २०१५ सम्मा सरकारी स्तरबाट सञ्चालित बाल विकास केन्द्रहरूको संख्या ७४,००० पुऱ्याउने लक्ष्य राखिए तापनि सो लक्ष्यसम्म पुऱ्याइएको देखिदैन । यसका विभिन्न कारणहरू मध्ये सरकारी तवरमा सञ्चालित बालविकास केन्द्रहरूमा नेपाली माध्यममा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनु तर निजी स्तरमा सञ्चालित के.जी., एल.के.जी., यू.के.जी. कक्षाहरू अंग्रेजी माध्यमबाट सञ्चालित भएको र अभिभावकहरूमा अंग्रेजी

भाषाप्रतिको मोहको कारण निजी स्तरमा बालबालिकाको चाप बढेको र सरकारी बालविकास केन्द्रहरूमा उपेक्षित लक्ष्य पूरा नभएको हो ।

**४.१.२ विद्यालय क्षेत्र सुधार योजनामा प्रारम्भिक बालशिक्षा तथा विकास**

प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तरको लेखाजोखा गर्ने सन्दर्भमा यस अध्ययनमा विद्यालय क्षेत्र सुधार योजनामा प्रारम्भिक बालशिक्षा सम्बन्धमा गरिएको व्यवस्था र यसको प्रगतिको लेखाजोखा गरिएको छ । यस कार्यक्रम प्रारम्भिक बालविकास कक्षालाई समन्वयात्मक रुपमा विस्तार गरिएको छ । बालविकास केन्द्रहरूको नक्साङ्कन गरी विस्तार गर्नुका साथै पूर्वाधारहरूका सम्बन्धमा तयार पारिएको न्युनतम मापदण्ड कार्यान्वयनमा ल्याइएको छ । प्रारम्भिक बालविकास केन्द्रहरूको स्थापना, सञ्चालन र नियमित अनुगमनका लागि स्थानीय निकाय, समुदाय र गैर सरकारी संस्थासँग सहकार्य गरिएको छ ।

केन्द्रिय तहमा नीति निर्देशनका लागि शिक्षा सचिवको अध्यक्षतामा प्रारम्भिक बालविकास परिषद् गठन भएको र राष्ट्रिय योजना आयोग अन्तरमन्त्रालय र अन्तरनिकाय समन्वय गर्न समन्वय समिति रहेको छ । जिल्ला तहमा नीति, निर्माण, समन्वय र अनुगमन गर्न जिल्ला शिक्षा कार्यालय तथा जिल्ला विकास समितिको कार्यालयमा बालविकास केन्द्र समिति गठन गर्ने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालयले बालविकास केन्द्रहरूमा कार्यरत सहयोगी कार्यकर्ताको पारिश्रमिक र शैक्षिक सामग्री खरीद गर्ने रकम अनुदान प्रदान गर्ने गरेको छ । यसका अतिरिक्त बालविकास कक्षामा अध्ययनरत बालबालिकाहरूका लागि दिवा खाजाको रकम सामुदायिक विद्यालय मार्फत निकासा गराएको छ । तसर्थ एस.एस.आर.पि. कार्यक्रमले बालविकास कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न शैक्षिक जनशक्ति विकास केन्द्र मार्फत सहयोगी कार्यकर्तालाई तालिमको व्यवस्था गर्दै आएको छ । त्यसैगरी पाठ्यक्रम विकासकेन्द्रले पाठ्यक्रम तयार पार्दै आएको छ । प्रारम्भिक बालविकासको उपलब्धिस्तर वृद्धि गर्न यस्ता विभिन्न कार्यक्रमहरू गरिदै आएको भए तापनि यसले निर्धारित लक्ष्यसम्म पुग्न सकेको छैन । त्यसैले यस सम्बन्धमा अझ बढि कार्यक्रमहरू तर्जुमा गर्नु आवश्यक देखिन्छ ।

**४.१.३ बालविकास कार्यक्रमबाट कक्षा एकको भर्नादर**

त्यसैगरी सन् २०१५ सम्ममा कक्षाक १ को सहज भर्नादर बालविकास

केन्द्रबाट ८०% पुऱ्याउने लक्ष्य पनि पूरा नभएको पाइन्छ । छनौटमा परेका बालविकास केन्द्रहरूको तथ्याङ्क विश्लेषण गर्दा औसतमा ७०% बालबालिकाको मात्रै बालविकास केन्द्रमा अध्ययन गरी सोही विद्यालयको कक्षा १ मा भर्ना हुने गरेको देखियो । अन्य बालबालिका घरबाटै सोझै कक्षा १ मा भर्ना हुन आएको देखियो । यस कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १ : विद्यालय क्षेत्र सुधार योजनामा प्रारम्भिक बालशिक्षा तथा विकास

| क्र.सं. | विद्यालयको नाम | कक्षा १ को विद्यार्थी संख्या | बालविकास कक्षाबाट भर्ना भएको संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | श्री पथरिया उ.मा.वि. | ३० | २० | ६६.६ |
| २ | श्री जानकी मा.वि. | २२ | १५ | ६८.१ |
| ३ | श्री महेन्द्ररत्न मा.वि. | २५ | १६ | ६४.० |
| ४ | श्री चन्दभानु ज्योति मा.वि. | ३२ | २० | ६२.५ |
| ५ | श्री लक्ष्मि उ.मा.वि. | ३४ | २२ | ६४.७ |
| ६ | श्री जानकी नि.मा.वि. | २६ | १८ | ६९.२ |
| ७ | श्री विरेन्द्र उ.मा.वि. | ३७ | १६ | ५९.२ |
| ८ | श्री पुँहातु जनज्योति मा.वि. | ४० | २५ | ६२.५ |
| ९ | श्री शारदा नि.मा.वि. | ३६ | २४ | ६६.६ |
| | जम्मा | २७२ | १७६ | ६४.५ |
| | औसत | ३०.२ | १९.५ | |

*स्रोत : विद्यालय अभिलेख २०७१*

तालिका अनुसार छनौटमा परेका प्रत्येक विद्यालयमा कक्षा एकको जम्मा विद्यार्थी संख्याको ५९.२% विद्यार्थी मात्र बालविकास कक्षाको अनुभव सहित भर्ना भएको देखियो । यसरी उक्त छनौटमा परेका ९ वटा विद्यालयको कक्षा एकको औसत विद्यार्थी संख्या ३०.२ रहेको र औसत १९.५ विद्यार्थी बालविकास कक्षाको अनुभव सहित कक्षा एकमा अध्ययनरत भएको देखियो । सो औसत विद्यार्थी संख्यालाई पूर्ण विद्यार्थी संख्या मानी १९.९ जना विद्यार्थी बालविकास कक्षाबाट सोही विद्यालयको कक्षा एकमा भर्ना भएका र अन्य बालबालिकाहरू अन्यत्रबाटै कक्षा एकमा भर्ना भइ अध्ययनरत रहेको तथ्याङ्कले औसतमा ६४.५% बालबालिका मात्र बालविकास कक्षाको अनुभव सहित कक्षा एकमा कक्षोन्नति भइ अध्ययनरत रहेको देखाएको छ । राष्ट्रिय लक्ष्य अनुरुप बालविकास कक्षाबाट कक्षा एकको सहज भर्नादर ८०% पुऱ्याउने कुरा अझै व्यवहारिक हुन नसकेको देखियो । (यसको विस्तृत विवरण अनुसूची १ मा राखिएको छ) ।

## ४.२ प्रारम्भिक बालविकास कक्षाको अवसर प्राप्त र अप्राप्तबीच तुलना

यस अनुसन्धानको उद्देश्यहरू मध्ये प्रारम्भिक बालविकास केन्द्रमा १ वर्ष अध्ययन गरेर कक्षा १ मा भर्ना भएका बालबालिका र बालविकास केन्द्रमा अध्ययन गर्न नपाएका बालबालिकाहरू मध्ये कक्षा १ को अन्तिम परीक्षाको परीक्षाफलमा उनीहरूको नतिजाको औसत तुलना गरिएको थियो । छनौटमा परेका बालविकास केन्द्र र सोही विद्यालयको कक्षा १ को मार्क लेजरको अध्ययन गर्दा अवसर प्राप्त बालबालिकाको विषयगत औषत अंक प्राप्ति अवसर नपाएको बालबालिकाको भन्दा उच्च पाइयो । विषयगत रुपमा नेपाली, गणित, अंग्रेजी, सामाजिक तथा सिर्जनात्मक कला, विज्ञान तथा स्वास्थ्य शारीरिक र स्थानीय विषय सबैमा बालविकास केन्द्रमा अध्ययन गरेर कक्षा १ मा भर्ना भएका बालबालिका औषत अंक बालविकास केन्द्रमा अध्ययन नगरेका बालबालिकाको भन्दा अब्बल देखियो ।


उक्त कुरालाई विश्लेषण गर्न तल तालिका तथा स्तम्भ चित्रमा दिएको औसत प्राप्ताङ्कको तुलनात्मक व्याख्या गरिएको छ ।

तालिका २ : प्रारम्भिक बालविकास अध्ययन गरेका र नगरेका बालबालिका बीच
विषयगत उपलब्धिको तुलनात्मक विश्लेषण

| क्र.सं. | विषय | पूर्णाङ्क | औसत प्राप्ताङ्क | |
|---|---|---|---|---|
| | | | अवसर प्राप्त बालबालिका | अवसर अप्राप्त बालबालिका |
| १ | नेपाली | १०० | ६६ | ६१ |
| २ | गणित | १०० | ६२ | ५७ |
| ३ | अङ्ग्रेजी | १०० | ६८ | ५३ |
| ४ | सामाजिक तथा सि.क. | १०० | ६५ | ५५ |
| ५ | विज्ञान तथा स्वास्थ्य शारीरिक | १०० | ६३ | ५४ |
| ६ | स्थानीय विषय | १०० | ६८ | ५९ |

*स्रोत: विद्यालयको अभिलेख २०७१*

स्तम्भ चित्र १ : प्रारम्भिक बालविकास अध्ययन गरेका र नगरेका बालबालिका बीच विषयगत उपलब्धिको तुलनात्मक विश्लेषण




माथि दिएको तालिका तथा स्तम्भ चित्र अनुसार नेपाली विषयमा बालविकास कक्षाको अवसर आएका विद्यार्थीको औसत अंक ६६ रहेको छ भने अवसर प्राप्त नगरेका बालबालिकाको औसत अंक ६१ मात्र छ । गणित विषयमा दुवै अवसर प्राप्त र अप्राप्तको औसत अंकमा अरु विषयको भन्दा औसत अंकमा कमी देखिए तापनि अवसर प्राप्त बालबालिकाहरूले ६२ अंक र अवसर अप्राप्तले ५७ अंक पाएको देखियो । अंग्रेजी विषयमा बालविकास कक्षाको अवसर पाएका बालबालिकाहरूको औसत अंक ६८ रहेको छ तर अवसर अप्राप्तले मात्र ५३ अंक प्राप्त गर्न सकेका छन् । यस विषयमा अवसर प्राप्त र अवसर अप्राप्तको औसत अंकको अन्तर सबैभन्दा बढि देखिन्छ ।

त्यसैगरी सामाजिक तथा सिर्जनात्मक कला विषयमा बालविकास कक्षाको अवसर प्राप्त बालबालिकाहरूको औसत अंक ६५ रहेकोमा अवसर अप्राप्तले ५५ अंक प्राप्त गरेको देखियो । विज्ञान तथा स्वास्थ्य शारीरिक शिक्षामा बालविकास कक्षाको अवसर प्राप्त बालबालिकाहरूले औसत अंक ६३ प्राप्त गरेको र बालविकास कक्षाको अवसर प्राप्त गर्न नसकेका बालबालिकाहरूले ५४ औसत अंक प्राप्त गरेको देखियो । स्थानीय विषयमा समेत अवसर प्राप्त बालबालिकाहरूको औसत अंक अवसर अप्राप्त

बालबालिकाको भन्दा उच्च देखियो । उक्त विषयमा अवसर प्राप्त बालबालिकाहरूले ६८ र अवसर अप्राप्त बालबालिकाले ५९ अंक पाएको देखियो ।

## ४.३ प्रारम्भिक बालविकास कक्षाले बालबालिकाको सिकाइमा पारेको प्रभाव

यस अनुसन्धानको एउटा उद्देश्य प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको सिकाइ वातावरणमा पारेको प्रभावको विश्लेषण गर्नु पनि रहेको थियो । सो उद्देश्य पूरा गर्ने सन्दर्भमा छनौटमा परेका बालविकास केन्द्रबाट कक्षा १ मा अध्ययन गर्दै गरेका विद्यार्थीहरूलाई कक्षा अवलोकन गर्दा निम्न तालिका अनुसार देखिएकोले यहाँ व्याख्या गरिएको छ ।

तालिका ३ : प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको सिकाइ वातावरणमा पारेको प्रभावको अध्ययन र त्यसको विश्लेषण तथा व्याख्या

| क्र.सं. | विषयवस्तु | विद्यार्थी संख्या | उत्तम श्रेणी | | मध्यम श्रेणी | | निम्न श्रेणी | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | बोलाइ सीपको विकास | ३६ | २४ | ६६.६ | १० | २७.७ | २ | ५.५ |
| २ | सुनाइ सीपको विकास | ३६ | २० | ५५.५ | १२ | ३३.३ | ४ | ११.० |
| ३ | लेखाइ सीपको विकास | ३६ | १२ | ३३.३ | १२ | ३३.३ | १२ | ३३.३ |
| ४ | सामाजिक विकास | ३६ | २४ | ६६.६ | १० | २७.७ | २ | ५.५ |
| ५ | नक्कल गर्ने सीपको विकास | ३६ | २४ | ६६.६ | १० | २७.७ | २ | ५.५ |

*स्रोत : स्थलगत सर्वेक्षण २०७२*

माथि उल्लेखित तालिकाको तथ्यलाई विश्लेषण गर्दा बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना भएका बालबालिकाहरू मध्ये ६६.६% बालबालिकाहरूको बोलाइ सीप उत्तम श्रेणीको देखियो । २७.७% बालबालिकाको बोलाइ सीप मध्यम र केवल ५.५% बालबालिकाको बोलाइ सीप मात्र न्यून श्रेणी रहेको कक्षा अवलोकन गर्दा पाइयो । सुनाई सीपको कक्षा अवलोकन गर्दा ५५.५% बालबालिकाको उत्तम, ३३.३% बालबालिकाको मध्यम र ११ प्रतिशतको न्यून श्रेणीको सीप रहेको पाइयो ।

लेखाइ सीप भाषिक सीपको तेस्रो सीप भएकोले यसमा बालबालिकाहरू कुनै पनि श्रेणीमा उच्च रहेको पाइएन उत्तम श्रेणीमा ३३.३%, मध्यम श्रेणीमा ३३.३% र निम्न श्रेणीमा पनि ३३.३% बालबालिका रहेको देखियो । त्यसैले लेखाइ सीपमा

अधिकांश बालबालिका कमजोर रहेको देखियो । प्रारम्भिक बालविकास कक्षा रहँदादेखि नै एक अर्कालाई सहयोग गर्ने, समूहमा मिलेर बस्ने, सामूहिक खेलहरू खेल्ने गर्दै आएको कारण कक्षा १ मा पनि सामाजिक विकासमा ६६.६% विद्यार्थी उत्तम श्रेणीमा रहे, २७.७% विद्यार्थी मध्यम र ५.५% बालबालिका मात्र निम्न श्रेणीमा देखिए । पूर्व प्राथमिक कक्षामा नै विभिन्न कुराहरूको नक्कल गर्ने बानिको विकास भइसकेको कारण उक्त शीर्षकमा ६६.६% उत्तम, २७.७% मध्यम र ५.५% निम्न श्रेणीमा देखियो ।

माथि देखाएको तथ्याङ्क विश्लेषणले प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको सिकाइ वातावरणमा उल्लेखनीय सकारात्मक प्रभाव पारेको देखाएको छ ।

### ४.३.१ बालविकास कक्षाको अनुभव सहित कक्षा एकका विद्यार्थीको नियमितता

बालविकास कक्षामा विद्यालयको क्रियाकलापमा अभ्यस्त बनिसकेका बालबालिका कक्षा एकको शिक्षण सिकाइ क्रियाकलापमा बढि नियमित रहने गरेको कुरा उनीहरूको हाजिरी पुस्तिकाबाट रेकर्ड उतार गरी यहाँ तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४ : बालविकास कक्षाको अनुभव सहित कक्षा एकका विद्यार्थीको नियमितता

| क्र.सं | विद्यालयको नाम | विद्यालय खुलेको दिन | जम्मा उपस्थिति (दिन) | |
|---|---|---|---|---|
| | | | अवसर प्राप्त | अवसर अप्राप्त |
| १ | श्री पथरिया उ.मा.वि. | २०८ | १८० | १७० |
| २ | श्री जानकी मा.वि. | २०६ | १८२ | १७१ |
| ३ | श्री महेन्द्ररत्न मा.वि. | २०७ | १७९ | १७० |
| ४ | श्री चन्दभानु ज्योति मा.वि. | २०९ | १८१ | १७२ |
| ५ | श्री लक्ष्मि उ.मा.वि. | २०७ | १८० | १६९ |
| ६ | श्री जानकी नि.मा.वि. | २०६ | १८३ | १७० |
| ७ | श्री विरेन्द्र उ.मा.वि. | २०८ | १७९ | १७२ |
| ८ | श्री पुँहातु जनज्योति मा.वि. | २०८ | १८० | १७१ |
| ९ | श्री शारदा नि.मा.वि. | २०९ | १८१ | १७० |

*स्रोत विद्यालयको अभिलेख २०७१*

उक्त तालिकामा छनौटमा परेका ९ वटा विद्यालयहरूको कक्षा एकमा अध्ययन गर्ने सम्पूर्ण बालबालिकाहरूको हाजिरी पुस्तिकाबाट वर्षभरीको औसत उपस्थिति दिन र वर्षभरिमा विद्यालय खुलेको दिन प्रस्तुत गरिएको छ । बालबालिकाको उपस्थिति रेकर्ड अनुसार प्रत्येक विद्यालयमा बालविकास कक्षाको अवसर प्राप्त गरेका बालबालिकाको औसत उपस्थिति बालविकास कक्षाको अवसर अप्राप्त बालबालिकाहरूको भन्दा उच्च रहेको छ । उक्त तालिका अनुसार पथरिया

उच्च माध्यमिक विद्यालय जम्मा २०८ दिन खुलेकोमा अवसर प्राप्त बालबालिकाको औसत उपस्थिति दिन १८० रहेकोमा अवसर अप्राप्त बालबालिका १७० दिनमात्र उपस्थित रहेको देखियो । जानकी मा.वि. २०६ दिन खुलेकोमा अवसर प्राप्त बालबालिकाको औसत उपस्थिति दिन १८२ रहेकोमा अवसर अप्राप्त बालबालिकाहरू १७१ दिनमात्र विद्यालयमा उपस्थित हुन सकेको देखियो । महेन्द्ररत्न मा.वि. २०७ दिन सञ्चालन भएकोमा अवसर प्राप्त बालबालिका १७९ दिन विद्यालयमा उपस्थित भएको देखियो तर अवसर अप्राप्त बालबालिका १७० दिनमात्र उपस्थित भएको देखियो । त्यसैगरी चन्द्रभानु ज्योति माध्यमिक विद्यालय वर्षभरीमा २०९ दिन खुलेकोमा अवसर प्राप्त बालबालिका १८१ दिन र अवसर अप्राप्त बालबालिका १७२ दिनमात्र उपस्थित भएको देखियो ।

लक्ष्मी उच्च माध्यमिक विद्यालय बनियानी शैक्षिक सत्र भरीमा २०७ दिन खुलेकोमा अवसर प्राप्त बालबालिका १८० दिन औसत विद्यालयमा उपस्थित भए भने अवसर अप्राप्त बालबालिका औसतमा १६९ दिनमात्र विद्यालयमा उपस्थित रहन सके । जानकी निम्न माध्यमिक विद्यालय पाठामारी २०६ दिन खुलेकोमा बालविकास कक्षाको अवसर प्राप्त बालबालिकाहरूको औसत उपस्थिति १८३ र अवसर अप्राप्तको १७० दिन रहेको देखियो । विरेन्द्र उच्च माध्यमिक विद्यालय चन्द्रगढि २०८ दिन खुलेकोमा अवसर प्राप्त बालबालिका १७९ दिन र अवसर अप्राप्त बालबालिका १७२ दिन विद्यालयमा उपस्थित रहेको देखियो । पुँहातु जनज्योति माध्यमिक विद्यालय २०८ दिन खुलेकोमा अवसर प्राप्त बालबालिकाहरू १८० दिन विद्यालयमा उपस्थित रहेको देखियो भने अवसर अप्राप्त बालबालिका १७१ दिन मात्र उपस्थित हुन सकेको देखियो । शारदा निम्न माध्यमिक विद्यालय भद्रपुर २०९ दिन खुलेकोमा बालविकास कक्षाको अवसर प्राप्त बालबालिकाहरूको औसत उपस्थिति दिन १८१ रहेकोमा अवसर अप्राप्त बालबालिकाको उपस्थिति दिन १७० रहेको देखियो ।

## ४.४ प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि सम्बन्धी समस्याहरू

झापा जिल्लाका १७ वटा स्रोतकेन्द्र मध्ये छनौटमा परेका ३ वटा स्रोतकेन्द्रका प्रत्येक स्रोतकेन्द्र अन्तर्गत छनौट गरिएका ३/३ वटा बालविकास केन्द्र सञ्चालित विद्यालयमा गई त्यस विद्यालयमा सञ्चालित बालविकास कार्यक्रमको शैक्षिक उपलब्धि सम्बन्धमा देखा परेका समस्याहरू सम्बन्धित सरोकारवालाहरू जस्तै

विद्यार्थी, सहयोगी कार्यकर्ता, शिक्षक, प्रधानाध्यापक, स्रोतव्यक्ति, विद्यालय निरीक्षक, अभिभावकहरू मार्फत विभिन्न प्रश्नावलीहरूको प्रयोग गरी तथ्याङ्क संकलन गरेर त्यसको व्याख्या गरिएको थियो ।

### ४.४.१ सहयोगी कार्यकर्तासँग सम्बन्धित समस्याहरू

छनौटमा परेका ९ जना सहयोगी कार्यकर्ताको विस्तृत विवरण फारमलाई व्याख्या विश्लेषण गर्दा अधिकांश सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता एस.एल.सी. रहेको पाइयो । नयाँ भर्ना भएका सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता उच्च रहे तापनि उनीहरूमा तालिमको अभाव देखियो । प्राय जसो सहयोगी कार्यकर्ता नेपाली माध्यमको पृष्ठभूमिको उत्पादन रहेको कारण उनीहरूलाई विद्यालय व्यवस्थापन समितिले बालविकास केन्द्रको कक्षा नर्सरी सरह अंग्रेजी माध्यममा सञ्चालन गर्न दिएको निर्देशन एउटा गहन बोझ देखियो । उनीहरू यस कुरासँग पटक्कै सन्तुष्ट देखिदैन ।

सबैभन्दा महत्वपूर्ण समस्याको रुपमा सहयोगी कार्यकर्ताहरू आफ्नो पारिश्रमिकलाई लिने गर्दछन् । उनीहरूको भनाइमा सहयोगी कार्यकर्तालाई अति न्यून पारिश्रमिक सरकारले तोकिदिएको छ । जसका कारण उनीहरू आफ्नो उत्तरदायित्वलाई गहन रुपमा स्वीकार्न तयार छैनन् । दोस्रो महत्वपूर्ण समस्या सहयोगी कार्यकर्ताहरूको शिक्षण सिकाइ गर्ने विधि र प्रविधिमा निहित छ । अधिकांश सहयोगी कार्यकर्ताहरू पुरानो शिक्षण सिकाइ पद्धतिलाई निरन्तरता दिन चाहन्छन् । आफूलाई आधुनिक मण्टेश्वरी, किण्डर गार्डेन जस्ता शिक्षण सिकाइमा रुपान्तरण गर्न उत्सुकता देखाउँदैनन् र शिक्षण सिकाइलाई प्रभावकारी बनाउन चाहदैनन् । बालमैत्री शिक्षण सिकाइ सम्बन्धी तालिमको अभावका कारण उनीहरूले बालविकास केन्द्रहरूलाई बालमैत्री वातावरणमा सञ्चालन गर्न सकेको देखिदैन । केही सहयोगी कार्यकर्तामा बालमनोविज्ञानको बारेमा यथेष्ठ ज्ञान रहे तापनि धेरै जसको कार्यकर्ता यस सम्बन्धमा अनविज्ञ नै रहेको पाइयो । बालविकास केन्द्रहरूमा शैक्षिक सामग्रीहरूको उपलब्धता रहेको देखिए पनि एक वा दुई बाहेक अन्य शैक्षिक सामग्रीको प्रयोग गरेको पाइदैन । बालबालिकाहरू खेल्दा खेल्दै सिक्छन् भन्ने तथ्यका बारेमा न्यून सहयोगी कार्यकर्ता मात्र सचेत रहेको पाइयो । केही सहयोगी

कार्यकर्ताहरू विद्यालय प्रशासनले आफूले कक्षा सञ्चालनका लागि माग गरेका शैक्षिक सामग्री उपलब्ध नगराएको प्रति गुनासो गर्दछन् (विस्तृत अनुसूची ६ मा हेर्नुहोला) ।

**४.४.२ अभिभावकसँग सम्बन्धित समस्याहरू**

आजको २१ औं शताब्दीमा शिक्षा मानिसका लागि अपरिहार्य भएको छ । त्यसमा पनि आम अभिभावकहरू आफ्ना सन्ततीलाई अंग्रेजी भाषाको माध्यमबाट शिक्षा दिलाउन चाहन्छन् । वैदेशिक रोजगारीमा जाँदा आफूमा अंग्रेजी भाषाको कमी भएको महसुस गरेका उनीहरू आफ्ना बालबालिकालाई अंग्रेजी भाषाबाट प्रारम्भिक शिक्षा दिलाउन चाहन्छन् । त्यसैले प्रारम्भिक बालविकासमा कुन माध्यममा पढाई सञ्चालन हुँदैछ भन्ने कुरालाई उनीहरू विशेष प्राथमिकता दिन्छन् । छनौटमा परेका बालविकास केन्द्रहरू मध्ये अंग्रेजी माध्यममा कक्षा सञ्चालन गर्दै आएको बालविकास केन्द्रमा नेपाली भाषामा कक्षा सञ्चालन गरिएकोमा भन्दा विद्यार्थी संख्या उच्च रहेको देखियो ।

ग्रामीण क्षेत्रमा बसोबास गर्ने पिछडिएको जनजाति, आदिबासी, दलित, सीमान्तकृत वर्गका अभिभावकहरूमा शिक्षाको महत्व नरहेको कारणले पनि उनीहरू बालविकास केन्द्रमा आफ्ना नानीहरू नियमित रुपमा पठाउदैनन् । उनीहरूलाई बालबालिकाहरूले सानै उमेरदेखि सिक्नुपर्छ भन्ने कुराको ज्ञान छैन । परम्परागत कुसंस्कार र अन्धविश्वासका कारण अझै पनि अभिभावकहरूले आफ्ना नानीहरूलाई धुम्रपान, मध्यपान जस्ता सामाजिक कुरितीहरूमा संलग्न गराएको पाइन्छ । अभिभावकहरूको यस्तो कमजोरीका कारण बालविकास केन्द्रको शैक्षिक उपलब्धिमा प्रत्यक्ष प्रभाव पारेको देखियो । कतिपय अभिभावकहरूले आफ्ना नानीहरूको शैक्षिक उपलब्धि र विद्यालयमा रहदा उसको आनीबानीको बारेमा सहयोगी कार्यकर्तासँग छलफल गरेको र आफ्ना नानीहरूको स्वभावको बारेमा सहयोगी कार्यकर्ताहरूलाई जानकारी दिएको पाइयो । धेरै जसको अभिभावक विद्यालय पठाएमा आफ्नो कर्तव्य पूरा भएको ठान्छन् । उनीहरूको भनाइमा विद्यार्थीलाई सिकाउने कार्य शिक्षकको मात्र हो । त्यसैले उनीहरूको आफ्ना उनीहरूको सरसफाई, विद्यालय पोशाकमा कम चासो राखेको देखियो (अनुसूची ८ मा रहेको छ) ।

### ४.४.३ विद्यालयसँग सम्बन्धित समस्याहरू

बालविकास केन्द्रहरू विद्यालयमा आधारित भएर सञ्चालन हुँदै आएको वर्तमान अवस्थामा बालबालिकाहरूको साइज अनुकुल फर्निचरको व्यवस्थापन गर्न नसक्नु विद्यालयको प्रमुख समस्या देखियो । बालविकास कक्षालाई बालबगैंचा बनाउने प्रयत्न कतिपय विद्यालयले नगरेको होइन तर त्यो अझै प्रयाप्त भएको छैन । बालबालिकाहरूलाई खेल्दा खेल्दै सिकाइ गर्ने वातावरण सृजना गर्न बालमैत्री शैक्षिक सामग्रीहरू, टिकाउ हुने खेल सामग्रीहरू गर्मीमा विद्युतीय पंखा र जाडोमा समेत बालबालिकालाई न्यानो हुने खालको कक्षाकोठाको व्यवस्थापन विद्यालयले गर्न सकेको देखिदैन तथापि यस सम्बन्धमा केही सफल सुरुवात केही विद्यालयमा हुन थालेको देखियो । केही विद्यालयले सहयोगी कार्यकर्तालाई थप पारिश्रमिकको व्यवस्था गरेर बालविकास केन्द्रमा अध्ययन गर्ने बालालिकालाई निर्दिष्ट समयको अतिरिक्त कक्षा सञ्चालन गरेका भए तापनि सबैमा यो सिष्टम कार्यान्वयन भएको देखिएन । विद्यालयको आर्थिक अभावका कारण बालविकास कक्षाको भित्ता रंगरोगन गरी आकर्षित कक्षाकोठामा रुपान्तरण गर्ने काय अझै सबै बालविकास केन्द्रमा भएको पाइदैन । विद्यालयको सीमित स्रोत साधनको प्रयोग गरेर बालविकास केन्द्रलाई मनोरञ्जनात्मक वातावरणमा सिकाइ गर्ने कदम तर्फ सबै विद्यालय लागिपरेको देखियो । विद्यालयले अंग्रेजी माध्यमका पाठ्यपुस्तक मार्फत अंग्रेजी माध्यममा बालविकास कक्षा सञ्चालन गर्न नसकेकै कारण सामुदायिक विद्यालयका बालविकास कक्षामा विद्यार्थी संख्या घट्दो देखियो । यसले बालबालिकाको उपलब्धि स्तरमा पनि प्रभाव पारेको छ (अनुसूची ७ मा रहेको छ) ।

### ४.४.४ प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि सम्बन्धी अन्य समस्याहरू

प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर वृद्धि गर्न आइपर्ने मुख्य समस्याहरूलाई माथि उल्लेख गरिसकिए तापनि त्यससँग सम्बन्धित अप्रत्यक्ष समस्याहरूलाई यहाँ उल्लेख गरिएको छ ।

अनुसन्धानको सिलसिलामा अभिभावकहरूलाई प्रश्न गर्दा उनीहरू गरिबीको कारणले गर्दा नानीहरूलाई उपयुक्त समयमा बालविकास कक्षामा पठाउन नसक्ने बताए । त्यसैले ग्रामीण क्षेत्रमा गरीबी बालविकास कार्यक्रममा प्रभाव पार्ने एउटा परोक्ष कारण वा समस्या देखियो । कतिपय अभिभावक ज्याला मजदुरी गर्न दिनभरी

घर बाहिर रहनु पर्ने र घरको रेखदेख गर्ने अन्य केही नभएकोले बालबालिकालाई समेत आफूसँगै मजदुरी गर्ने ठाउँमा नै लाने गरेको कारण विद्यालय जान नसक्ने यथार्थ उनीहरूले व्यक्त गरे र यो नियति भोगिरहेको भने । त्यसैले पेशाको कारणले पनि बालविकासमा बालबालिकाहरूको नियमितता प्रभावित हुने र यसले कार्यक्रमको उपलब्धिमा समेत असल पुऱ्याएको देखियो (अनुसूची ९ मा रहेको छ) ।

**प्राप्ति**

यस अनुसन्धानमा संकलन गरिएका तथ्याङ्कहरूको प्रस्तुतिकरण, व्याख्या र विश्लेषण गर्दा केही मुख्य प्राप्तिहरू पाइएका छन् ।

नेपाल सरकारले सन् २०१५ सम्ममा बालबिकास केन्द्रको संख्या ७५,००० पुऱ्याउने र सामुदायिक विद्यालयको कक्षा १ को सहज भर्नादरमा बालविकास केन्द्रबाट ८०% पुऱ्याउने लक्ष्य राखेको थियो तर सन् २०१५ को अन्त्यसम्ममा बालविकास केन्द्रको संख्या ३४,१७४ मात्र पुग्न सकेको छ भने ६४% बालबालिका मात्र बालविकास कक्षाबाट कक्षा १ मा भर्ना भएका छन् । तथ्याङ्क विश्लेषण गर्दा प्रारम्भिक बालविकास कक्षाको अवसर पाएका र नपाएका बालबालिकाको कक्षा १ को अन्तिम परीक्षाको विषयगत औसत अंकको तुलना गर्दा अवसर प्राप्त बालबालिकाको औसत अंक अवसर अप्राप्तको भन्दा उच्च रहेको देखियो ।

प्रारम्भिक बालविकास कक्षाले बालबालिकाको सिकाइमा पारेको प्रभाव विश्लेषण गर्दा बालविकास कक्षाको अनुभव सहित कक्षा १ मा अध्ययन गर्ने विद्यार्थी बालबालिका कक्षामा बढी नियमित हुने देखियो । यसरी नै बालविकास केन्द्रमा एक वर्ष अध्ययन पूरा गरी कक्षा १ मा अध्ययन गर्ने बालबालिकाहरूमा भाषिक सीपहरू, सामाजिक विकास र नक्कल गर्ने सीपको विकास अन्य बालबालिकाहरूको तुलनामा उच्च रहेको देखियो ।

प्रारम्भिक बालविकास कक्षा सञ्चालनमा सहयोगी कार्यकर्ताको पारिश्रमिक न्यून हुनु, शैक्षिक सामग्री खरीद गर्न दिनु, अनुदान कमी हुनु, बालबालिकाहरूलाई दिवा खाजा बापत दिइने रकम अति कम हुनु जस्ता समस्याहरू देखिएका छन् । अभिभावकहरूको अंग्रेजी भाषाको मोहका कारण नेपाली माध्यममा शिक्षण सिकाइ गर्ने बालविकास कक्षामा विद्यार्थी संख्या वृद्धि हुन नसकेको पाइयो । कतिपय

अभिभावकहरूले गरीबी र अशिक्षाका कारणले आफ्ना बालबालिकाहरूलाई बालविकास कक्षामा नियमित उपस्थित गराउन नसकेको देखियो ।

**सिद्धान्तसँग तुलना**

यस प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धिस्तरमा गरिएको अनुसन्धानमा फ्रोबेल र मन्टेश्वरीको सैद्धान्तिक खाका छनौट गरिएको थियो । यी दुवै सिद्धान्तले बालकेन्द्रित शिक्षण सिकाइ गर्ने विधिहरू, क्रियाकलापहरू र शैक्षिक सामग्रीहरू प्रारम्भिक बालविकास कक्षामा अध्ययनरत बालबालिकाहरूमा प्रयोग गर्न मेल खाएको देखियो । यी सिद्धान्त अनुसार शिक्षण सिकाइ बालमैत्री वातावरणमा बालबालिकाहरूको उमेर र स्वभाव अनुकुल छनौट गरी अगाडि बढाउन प्रशस्त सहयोग पुर्‍याएको छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

यस परिच्छेदमा अघिल्ला परिच्छेदहरूमा अपनाइएका अध्ययन प्रक्रिया अनुरुप संकलित तथ्याङ्कको विश्लेषण र व्याख्याबाट प्राप्त हुन आएका मुख्य मुख्य प्राप्ति, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

यस अनुसन्धानमा संकलन गरिएका तथ्याङ्क र सूचनाको विश्लेषण र व्याख्या गरी प्राप्त हुन आएका मुख्य प्राप्तिहरूलाई तल उल्लेख गरिएको छ ।

नेपाल सरकारले सन् २०१५ सम्ममा सामुदायिक बालविकासको संख्या ७४,००० पुऱ्याउने लक्ष्य लिएको भए तापनि हालसम्म त्यसको संख्या ३४,१७४ मात्र रहेकोले सरकारी लक्ष्य निर्धारित लक्ष्यसम्म पुग्न नसकेको कारण बालविकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा यसले प्रभाव पुऱ्याएको पाइयो । सन् २०१५ सम्ममा सामुदायिक विद्यालयको सहज भर्नादर बालविकास कक्षाबाट ८०% पुऱ्याउने सरकारी लक्ष्य पनि हालसम्म पूरा नभएको पाइयो ।

अझै पनि सामुदायिक बालविकास कक्षामा भन्दा निजी अंग्रेजी विद्यालयमा पूर्व प्राथमिक तथा बालविकास कक्षामा विद्यार्थी अधिक रहेको पाइयो । प्रारम्भिक बालविकास कक्षाको अवसर पाएका नानीहरूको कक्षा १ को अन्तिम नतिजामा समग्र नतिजा अवसर नपाएका नानीहरूको भन्दा उच्च देखियो ।

प्रारम्भिक बालविकास कक्षामा अध्ययन गर्न पाएका बालबालिकाहरूले सबै विषयहरूमा औषत अंक अवसर नपाएका बालबालिकाहरूको तुलनामा उत्कृष्ट पाएको देखियो । प्रारम्भिक बालविकास कक्षा पूरा गरी कक्षा १ मा अध्ययनरत बालबालिकामा भाषिक सीपमा उत्तम श्रेणी देखियो जसले प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको सिकाइ वातावरणमा प्रभाव पार्ने कुराको पुष्टि गऱ्यो ।

प्रारम्भिक बालविकास कक्षा उत्तीर्ण गरी कक्षा १ मा अध्ययन गर्ने नानीहरूमा सामाजिक विकास उत्तम रहेको र उनीहरूमा नक्कल गर्ने सीपको समेत विकासभएको पाइयो । प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तरसँग सर्वप्रथम सहयोगी कार्यकर्ताका समस्याहरू जस्तै तालिमको अभाव, आधुनिक शिक्षण पद्धतिहरू मण्टेश्वरी, किण्डर गार्डेन विधिको कमी, न्यून पारिश्रमिकमा काम गर्नुपर्ने वाध्यता,

अंग्रेजी कक्षा सञ्चालनमा संकुचन जस्ता समस्या रहेको देखियो । सहयोगी कार्यकर्ताहरूले शिक्षण सिकाइमा बाल उपयोगी शैक्षिक सामग्रीको प्रसस्त प्रयोग गर्नुपर्ने देखियो ।अंग्रेजी मोह भएका अभिभावकहरूको चाहना पूरा गराउन बालविकास कक्षा पनि अंग्रेजी माध्यममा सञ्चालन गर्नु पर्ने देखियो ।

ग्रामीण क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजाति, दलित सीमान्तकृत जातिहरूले आफ्ना नानीहरूलाई नियमित रुपमा बालविकास कक्षामा नपढाएको पाइयो । विद्यालयहरूले बालबालिकाको शारीरिक अवस्था अनुकुलका फर्निचर निर्माण गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरेको कारण उपलब्धि स्तरमा प्रभाव पारेको देखियो । विद्यालयले चाहिँदो मात्रामा खेल सामग्री उपलब्ध गराउन नसकेको कारण खेल्दा खेल्दै सिक्ने बालविकास कक्षाको उद्देश्य पूरा गर्न नसकेको पाइयो । कतिपय अभिभावकहरूले गरिबीको चपेटामा परेर बालबालिकाहरूलाई बालविकास कक्षामा नपठाएको पाइयो ।

पेशाले गर्दा इच्छा हुँदाहुँदै पनि आफ्ना नानीहरूलाई बालविकास कक्षामा नियमित गराउन नसक्नु अभिभावकहरूको बाध्यता रहेको पाइयो । यो अध्ययन प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तरसँग केन्द्रित रहेको छ । यस अध्ययनले देखाए अनुसार प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्ध स्तर लक्ष्य अनुरुप नभएको पाइए तापनि यसले कक्षा १ मा भर्ना हुनका लागि बालबालिकाहरूमा सिकाइप्रति जिज्ञासु बनाएको पाइयो । सरकारी लगानीमा सामुदायिक विद्यालयहरूमा बालविकास कार्यक्रम अन्तर्गत बालकक्षा सञ्चालन गरिएको छ तर अपेक्षित विद्यार्थीहरूलाई गुणात्मक शिक्षा प्रदान गर्न यस्ता कक्षाहरूले विभिन्न चुनौतिहरूको सामना गर्नुपरेको छ ।

सामुदायिक विद्यालयहरूमा सञ्चालित बालविकास कक्षाहरू नेपाली माध्यममा शिक्षण सिकाइ भएको कारण विद्यार्थीहरूको आकर्षणको केन्द्र बन्न सकेका छैनन् । आर्थिक रुपमा विपन्न अभिभावकहरूले मात्र विवस बनेर बालविकास कक्षामा आफ्ना नानीहरू पठाउँदा सम्पन्न व्यक्तिहरूले सुविधायुक्त निजी विद्यालयहरू रोजेको पाइन्छ । तसर्थ बालविकास कक्षालाई सुविधायुक्त मनोरञ्जनात्मक बालमैत्रीपूर्ण व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

झापा जिल्लाको छनौटमा परेका सामुदायिक बालविकास केन्द्रहरू मध्ये अंग्रेजी माध्यम सञ्चालन भएका बालविकास केन्द्रमा विद्यार्थी संख्या उच्च रहेको देखिएकोले आगामी दिनहरूमा प्रत्येक बालविकास कक्षा अंग्रेजी माध्यममा सञ्चालन गर्नुपर्ने आवश्यकता देखियो ।

## ५.२ सुझावहरू

प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर सम्बन्धी गरिएको यस अनुसन्धानमा बालविकास कार्यक्रमले विद्यार्थीहरूलाई कक्षा एकमा अध्ययन गर्नका लागि पूर्व तयारी कक्षाको भूमिका खेलेको भए तापनि यसका केही कमी कमजोरीहरू समेत देखिएकाले यस अनुसन्धानमा पत्ता लागेका केही सुझावहरू यहाँ प्रस्तुत गरिएको छ । यसले प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर वृद्धि गर्न आगामी समयमा नीति निर्माणकर्ता र योजनाकारहरूलाई समेत सहयोग पुऱ्याउने छ ।

### ५.२.१ नीतिगत तह

प्रारम्भिक बालविकास कक्षालाई अझ बढि व्यवस्थित रुपमा सञ्चालन गर्न नीति निर्माण अनुकुल हुन आवश्यक पर्दछ । तसर्थ यस अनुसन्धानको क्रममा देखिएका केही सुधार गर्नुपर्ने पक्षका बारेमा नीतिगत तहलाई सुझाव प्रस्तुत गरिन्छ ।

बालविकास कक्षा सञ्चालन गर्ने सहजकर्ताको पारिश्रमिक र शैक्षिक सामग्री खरीद रकम वृद्धि गर्नुपर्ने देखिन्छ । बालविकास कक्षा सञ्चालन गर्ने सहयोगी कार्यकर्ताको बर्तमान अवस्थाको पारिश्रमिक श्रम ऐन तथा बजार मूल्य अनुसार अति न्यून छ । अरु शिक्षक तथा विद्यालयका कर्मचारीको तुलनामा उनीहरूको तलबमान जीबिकोपार्जन गर्न नपुग्ने रहेकोले नेपाल सरकार शिक्षा मन्त्रालयले बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको पारिश्रमिक वृद्धि गर्ने नीति निर्माण गरी उनीहरूको तलब वृद्धि गर्नुपर्दछ । त्यसैगरी शैक्षिक सामग्रीको कमीका कारण बालशिक्षा बालमैत्री वातावरणमा सञ्चालन गर्न कठिनाइ भएकोले शिक्षा मन्त्रालयले शैक्षिक सामग्री खरीद गर्ने रकम वृद्धि गर्नु पर्ने देखिन्छ ।

बालविकास कक्षामा अध्ययन गर्ने बालबालिकाहरूलाई दिवा खाजाको व्यवस्था गरिए तापनि सो रकम ज्यादै न्यून रहेकोले त्यसलाई वृद्धि गरिनु पर्दछ । बालविकास कक्षालाई विद्यालय तहको आधारभूत संरचनामा समावेश गरिनु

पर्दछ । सहयोगी कार्यकर्ताहरूलाई तालिमको व्यवस्था गरी उनीहरूको पेशागत क्षमता वृद्धि गर्न नीति निर्माण गरिनुपर्दछ । बालविकास कक्षाहरूको अनुगमन र निरीक्षणलाई प्रभावकारी बनाउने नीति कार्यान्वयन गरिनुपर्दछ ।

**५.२.२ कार्यान्वयन तह**

कुनै पनि विषयवस्तु सम्बन्धमा जतिसुकै राम्रो र गुणस्तरीय नीति निर्माण गरिए तापनि त्यसको कार्यान्वयन पक्ष सुदृढ नभइ सो नीतिको महत्व रहँदैन । त्यसैले प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धिस्तर वृद्धि गर्न यसको कार्यान्वयन गर्ने निकायहरू बढी जिम्मेवार रहनुपर्दछ । यसका लागि केही सुझावहरू प्रस्तुत गरिएको छ :

प्रारम्भिक बालविकास कक्षाहरूलाई बालमैत्री वातावरणमा सञ्चालन गर्नुपर्दछ । प्रारम्भिक बालविकास कक्षामा बालबालिकाहरूको संख्यात्मक वृद्धिका लागि अंग्रेजी माध्यमको व्यवस्था कार्यान्वयन गरिनुपर्दछ । प्रारम्भिक बालविकास कक्षामा सकेसम्म अत्याधिक आधुनिक शैक्षणिक प्रविधिको प्रयोग गर्नु पर्ने देखिन्छ ।

सामुदायिक बालविकास कक्षामा पनि गुणात्मक शिक्षण सिकाइ हुन सक्छ भन्ने कुराको स्थानीय अभिभावकलाई विश्वास दिलाउन पर्ने देखिन्छ । प्रारम्भिक बालविकास कक्षामा यथेष्ट मात्रामा शैक्षिक सामग्रीहरूको प्रयोग गर्नुपर्ने देखिन्छ ।

प्रारम्भिक बालविकास कक्षाहरूमा अध्ययन गर्ने बालबालिकाहरूका निमित्त दिवाखाजाको व्यवस्था विद्यालय स्वयमले गर्नुपर्ने देखिन्छ । स्थानीय अभिभावकसँग छलफल, अन्तरक्रिया, गोष्ठी आदि मार्फत बालविकास कक्षामा अध्ययन गर्ने बालबालिकाहरूलाई विद्यालयमा नियमित उपस्थित हुने व्यवस्थाका लागि वातावरण तयार पार्नुपर्दछ ।

अंग्रेजी भाषाको पाठ्यपुस्तक निशुल्क रुपमा विद्यालयले उपलब्ध गराउन सके बालविकास कक्षामा विद्यार्थी भर्नादर बढ्ने सुनिश्चत देखिन्छ । सहयोगी कार्यकर्ताहरूलाई बालमनोविज्ञान साथै मण्टेश्वरी सम्बन्धी अल्पकालीन र दीर्घकालीन तालिमको व्यवस्था मिलाउनु पर्दछ । बालविकास कक्षाहरूको अनुगमन र निरीक्षणलाई प्रभावकारी बनाइनु पर्दछ । प्रारम्भिक बालविकास कक्षालाई विद्यालय संरचनाको आधार स्तम्भ बनाइनु पर्दछ ।

**५.२.३ अनुसन्धान तह**

प्रारम्भिक बालविकास कक्षाको उपलब्धि स्तर सम्बन्धमा यस अनुसन्धानमा गरिएको खोज अन्य अनुसन्धानकर्ताहरूका लागि मार्गदर्शन बन्न सक्ने भए तापनि यस विषयमा अझ गहन अध्ययन अनुसन्धान गर्न सकिने भएकोले अनुसन्धान तहलाई सुझाव प्रस्तुत गरिन्छ ।

प्रारम्भिक बालविकासको समस्याहरूको बारेमा विस्तृत खोज अनुसन्धान गरी यसका समाधानका उपायहरू सुझाउन सकिन्छ । प्रारम्भिक बालविकासले बालबालिकाहरूको सिकाइ उपलब्धिमा पारेको सकारात्मक प्रभावको बारेमा अझ बढि खोज अनुसन्धान गर्न सकिन्छ ।

बालविकास केन्द्र सञ्चालनका लागि स्थानीय निकायले पुऱ्याएको सहयोग

सम्बन्धमा खोजी गरी अनुसन्धान गर्न सकिन्छ । बालविकास केन्द्रमा विद्यार्थी संख्या वृद्धि गर्ने उपायहरूको खोजी गरी सो सम्बन्धमा सुझाव दिन सकिन्छ । प्रारम्भिक बालविकासको वर्तमान अवस्थाको विस्तृत विश्लेषण गरी खोज अनुसन्धान गर्न सकिन्छ ।

# सन्दर्भ सामग्री


खनाल, पेशल, (२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौं : स्टुडेण्ट बुक्स, पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

गौतम, नवराज (२०६४), *प्रारम्भिक बालशिक्षा कार्यक्रमले बालबालिकाको सिकाइमा पारेको प्रभाव* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) । काठमाण्डौ, त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र संकाय, किर्तिपुर ।

नेपाल सरकार, (२०६१), *प्रारम्भिक बालविकास सम्बन्धी निर्देशिका,* भक्तपुर शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, सानोठिमी ।

नेपाल सरकार, (२०६२), *प्रारम्भिक बालविकास दिग्दर्शन,* भक्तपुर भक्तपुर शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, सानोठिमी ।

नेपाल सरकार (२०६९), *शिक्षा ऐन तथा नियमावली* (२०५९), काठमाण्डौ, बौद्धिक दर्पण प्रकाशन, पुतलीसडक ।

न्यौपाने, प्रभादेवी (२०६३), *पूर्व प्राथमिक पाठ्यक्रमको कार्यान्वियनको अवस्था एक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), काठमाण्डौ, त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र संकाय, किर्तिपुर ।

पौड्याल, तेजस्वी (२०६६), *प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), मोरङ्ग, सुकुना बहुमुखी क्याम्पस ।

मल्ल कोमल बदन, भोमि अरबिन्दलाल र श्रेष्ठ प्रकाशमान (२०५४), *प्रारम्भिक बाल्यवस्था विकासको सिद्धान्त,* काठमाण्डौ डिन कार्यालय, शिक्षाशास्त्र संकाय, त्रिभुवन विश्व विद्यालय कीर्तिपुर ।

रेग्मी मुरारी प्रसाद, श्रेष्ठ रीता (२०६१) *कक्षाकोठामा मनोविज्ञान, काठमाण्डौ* : न्यू हिरा बुक्स इन्टरप्राइजेज कीर्तिपुर ।

# प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर

## अनुसूची १

## बालबालिकाको कक्षा एकमा भर्ना दर

कक्षा : १ शैक्षिक वर्ष : २०७१

| क.सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | बालविकास कक्षाबाट भर्ना भएका संख्या | बालविकास कक्षाबाट भर्ना भएका प्रतिशत |
|---|---|---|---|---|
| १ | श्री पथरिया उ.मा.वि. | ३० | २० | ६६.६ |
| २ | श्री जानकी मा.वि. | २२ | १५ | ६८.६% |
| ३ | श्री महेन्द्ररत्न मा.वि. | २५ | १६ | ६४.० % |
| ४ | श्री चन्दभानु ज्योति मा.वि. | ३२ | २० | ६२.५ % |
| ५ | श्री लक्ष्मी उ.मा.वि. | ३४ | २२ | ६४.७ % |
| ६ | श्री जानकी नि.मा.वि. | २२ | १८ | ६९.२ % |
| ७ | श्री वीरेन्द्र उ.मा.वि. | ३७ | १६ | ५९.२ % |
| ८ | श्री पुँहातु जनज्योति मा.वि. | ४० | २५ | ६२.५ % |
| ९ | श्री शारदा नि.मा.वि. | ३६ | २४ | ६६.६ % |

# प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर

## अनुसूची २

## बालबालिकाको विषयगत प्राप्ताङ्क फाराम

कक्षा : १ शैक्षिक वर्ष : २०७१

| क्र.सं. | विषय | पूर्णाङ्क | औसत प्राप्ताङ्क | |
|---|---|---|---|---|
| | | | अवसर प्राप्त बालबालिका | अवसर अप्राप्त बालबालिका |
| १ | नेपाली | १०० | ६६ | ६१ |
| २ | गणित | १०० | ६२ | ५७ |
| ३ | अङ्ग्रेजी | १०० | ६८ | ५३ |
| ४ | सामाजिक तथा सि.क. | १०० | ६५ | ५५ |
| ५ | विज्ञान तथा स्वास्थ्य शारीरिक | १०० | ६३ | ५४ |
| ६ | स्थानीय विषय | १०० | ६८ | ५९ |

# प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर

## अनुसूची ३

## बालबालिकाको कक्षा अवलोकन फाराम

विद्यालयको नाम :

कक्षा : १ शैक्षिक वर्ष : २०७१

| क्र.सं. | विषयवस्तु | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|
| १ | बोलाइ सीपको विकास | | | |
| २ | सुनाइ सीपको विकास | | | |
| ३ | लेखाइ सीपको विकास | | | |
| ४ | सामाजिक विकास | | | |
| ५ | वातावरण बुझ्ने सीपको विकास | | | |
| ६ | जिज्ञासुपनको विकास | | | |
| ७ | नक्कल गर्ने सीपको विकास | | | |
| ८ | संगठनात्मक सोचाईको विकास | | | |

# प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर

## अनुसूची ४

## छनौटमा परेका स्रोतकेन्द्र तथा विद्यालयहरू

| क.सं. | विद्यालयको नाम | स्रोतकेन्द्र | ठेगाना |
|---|---|---|---|
| १ | श्री पथरिया उ.मा.वि. | पथरिया | पथरिया |
| २ | श्री जानकी मा.वि. | पथरिया | बालुबाडी |
| ३ | श्री महेन्द्ररत्न मा.वि. | पथरिया | केचना |
| ४ | श्री चन्दभानु ज्योति मा.वि. | पृथ्वीनगर | पृथ्वीनगर |
| ५ | श्री लक्ष्मी उ.मा.वि. | पृथ्वीनगर | बनियानी |
| ६ | श्री जानकी नि.मा.वि. | पृथ्वीनगर | पाठामारी |
| ७ | श्री वीरेन्द्र उ.मा.वि. | चन्द्रगढी | भद्रपुर |
| ८ | श्री पुँहातु जनज्योति मा.वि. | चन्द्रगढी | भद्रपुर |
| ९ | श्री शारदा नि.मा.वि. | चन्द्रगढी | भद्रपुर |

# प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर

## अनुसूची ५

## सहयोगी कार्यकर्ताको विस्तृत विवरण फाराम

| क.सं. | बालविकासको नाम | सहयोगी कार्यकर्ताको नाम | योग्यता | अनुभव वर्ष | तालिम |
|---|---|---|---|---|---|
| १ | श्री पथरिया उ.मा.वि. | पवित्रा तिम्सिना | एस.एल.सी | १० | प्राप्त |
| २ | श्री जानकी मा.वि. | शारदा राजवंशी | आई.एड | ५ | प्राप्त |
| ३ | श्री महेन्द्ररत्न मा.वि. | शान्तिदेवी गणेश | एस.एल.सी | ९ | प्राप्त |
| ४ | श्री चन्दभानु ज्योति मा.वि. | संगीता राई | आई.एड | ३ | अप्राप्त |
| ५ | श्री लक्ष्मी उ.मा.वि. | कुन्ता पाठक | एस.एल.सी. | ९ | प्राप्त |
| ६ | श्री जानकी नि.मा.वि. | सलिमा खातुन | एस.एल.सी. | ९ | प्राप्त |
| ७ | श्री वीरेन्द्र उ.मा.वि. | अनिता खनाल | आई.ए | ९ | प्राप्त |
| ८ | श्री पुँहातु जनज्योति मा.वि. | भूमिका निरौला | आई.एड | १० | प्राप्त |
| ९ | श्री शारदा नि.मा.वि. | गीता लिम्बु | एस.एल.सी | | प्राप्त |

# प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर

## अनुसूची ६

## सहयोगी कार्यकर्ताका लागि अन्तर्वार्ता प्रश्नावली

बालविकास केन्द्रको नाम

सहयोगी कार्यकर्ताको नाम

शैक्षिक योग्यता

शिक्षण अनुभव

तालिमको नाम र अवधि

१. बालबालिकाहरूलाई कस्ता कस्ता क्रियाकलापहरू गराउनुहुन्छ ? कुनै ४ वटा मुख्य क्रियाकलापहरू उल्लेख गर्नुहोस् ।

(क) ..................................................................................

(ख) ..................................................................................

(ग) ..................................................................................

(घ) ..................................................................................

२. तपाईले शिक्षण गर्दा प्रयोग गर्ने कुनै ४ वटा विधिको नाम लेख्नुहोस् ।

(क) ..................................................................................

(ख) ..................................................................................

(ग) ..................................................................................

(घ) ..................................................................................

३. तपाईंको बालविकास केन्द्रमा कुन कुन शैक्षिक सामग्रीहरू छन् ? ति सामग्रीहरूको स्रोत समेत उल्लेख गर्नुहोस् ।

| सामग्रीको नाम | प्राप्त गरिएको स्रोत |
|---|---|
| (क) ....................................... | ........................................... |
| (ख) ....................................... | ........................................... |
| (ग) ....................................... | ........................................... |
| (घ) ....................................... | ........................................... |
| (ङ) ....................................... | ........................................... |

(च) ........................................ ..........................................

(छ) .......................................... ..........................................

(ज) ........................................... ..........................................

४. तपाई बालबालिकाहरूको सरसफाई सम्बन्धी कस्ता कस्ता क्रियाकलाप गराउनुहुन्छ ? ति क्रियाकलापमा प्रयोग गरिने सामग्रीहरूको नाम समेत लेख्नुहोस् ।

| क्रियाकलाप | प्रयोग गरिने सामग्री |
|---|---|
| (क) ........................................ | .......................................... |
| (ख) ........................................ | .......................................... |
| (ग) .......................................... | .......................................... |
| (घ) ............................................ | .......................................... |
| (ङ) .......................................... | .......................................... |
| (च) ........................................ | .......................................... |
| (छ) .......................................... | .......................................... |

५. प्रारम्भिक बालविकास कक्षा शिक्षणका मुख्य ४ वटा समस्याहरू के के हुन् ?

(क) ........................................................................................

(ख) ........................................................................................

(ग) ........................................................................................

(घ) ........................................................................................

६. बालविकास कक्षाका समस्याहरू समाधान गर्ने कुनै ४ वटा उपायहरू के के हुन सक्लान् ?

(क) ........................................................................................

(ख) ........................................................................................

(ग) ........................................................................................

(घ) ........................................................................................

# प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर

## अनुसूची ७

## शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली

कक्षा : एक
शिक्षकको नाम

बालविकास केन्द्रको नाम
शैक्षिक योग्यता

शिक्षण अनुभव
तालिमको नाम र अवधि

१. तपाईले शिक्षण गर्ने कक्षा १ मा कस्ता कस्ता शैक्षिक पृष्ठभूमि भएका विद्यार्थीहरू आउँछन् ?

(क) सोझै कक्षा एकमा भर्ना हुने (ख) निजी विद्यालयबाट

(ग) बालविकास कक्षाबाट (घ) अन्य विद्यालयबाट

२. बालशिक्षाको अवसर प्राप्त र अवसर अप्राप्त विद्यार्थीबीच फरक पाउनु भएको छ ?

(क) खासै फरक छैन (ख) अवसर प्राप्तको शैक्षिक स्तर राम्रो छ

(ग) अवसर अप्राप्तको शैक्षिक स्तर राम्रो छ (घ) दुवै एकै प्रकारका छन्

३. तपाईले अध्यापन गराउने कक्षामा कक्षा कार्य, सृजनात्मक कार्य आदिमा कस्को सक्रियता बढि छ ?

(क) बालशिक्षाको अवसर प्राप्त बालबालिकाहरूको

(ख) बालशिक्षाको अवसर अप्राप्त बालबालिकाहरूको

(ग) दुबै बराबर छन्

(घ) दुबै सक्रिय छैनन्

४. के तपाई बालविकास कार्यक्रमप्रति सन्तुष्ट हुनुहुन्छ ? किन ? किन होइन ?

(क) ..........................................................................................

(ख) ..........................................................................................

(ग) ..........................................................................................

(घ) ..........................................................................................

५. बालविकास कक्षाको स्तरवृद्धि गर्न तपाईको कुनै ४ वटा सुझावहरू उल्लेख गर्नुहोस् ।

(क) ..........................................................................................

(ख) ..........................................................................................

(ग) ..........................................................................................

(घ) ..........................................................................................

# प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर

## अनुसूची ८

## अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली

नाम थर : पेशा :

ठेगाना :

१. तपाईले आफ्नो नानीलाई किन बालविकास कक्षामा पठाउनु भयो ?

(क) घरको काममा अल्झाउछ भनेर (ख) विद्यालयको अनुरोधलाई टार्न नसकेर

(ग) पढ्ने लेख्ने बानीको विकास गराउन (घ) छरछिमेकीहरूको देखासिकी गर्न

२. तपाईको नानीको विद्यालय जाने बानी कस्तो छ ?

(क) खुशी साथ नियमित जान्छ (ख) दिन विराएर जान्छ

(ग) फकाई फुल्याई पठाउनु पर्छ (घ) विद्यालय जानै मान्दैन

३. तपाईको नानीले व्यक्तिगत सरसफाई कतिको गर्ने गर्छ ?

(क) आफै नियमित गर्छ (ख) कर लगाएर गर्न लगाउनु पर्छ

(ग) गर्न मान्दै मान्दैन (घ) कहिलेकाहीं मात्र गर्छ

४. तपाईको कति जना छोरा छोरी छन् ?

..........................................................................................................

५. तपाईका कति जना छोरा छोरी विद्यालय जान्छन् ?

..........................................................................................................

६. तपाईको नानीले फुर्सदको समयमा के के क्रियाकलापहरू गर्छ ? कुनै ४ वटा लेख्नुहोस् ।

(क) ..............................................................................................

(ख) ..............................................................................................

(ग) ..............................................................................................

(घ) ..............................................................................................

७. बालविकास कक्षालाई अझ बढि प्रभावकारी बनाउन के के गर्नुपर्छ ? कुनै ४ वटा सुझाव दिनुहोस् ।

(क) ..............................................................................................

(ख) ..............................................................................................

(ग) ..............................................................................................

(घ) ..............................................................................................

# प्रारम्भिक बालविकास कार्यक्रमको उपलब्धि स्तर

## अनुसूची ९

## छलफल निर्देशिका (सहयोगी कार्यकर्ता, शिक्षक र अभिभावकका लागि)

१. प्रारम्भिक बालविकास कार्यक्रमको आवश्यकता किन ?

(क) सहयोगी कार्यकर्तालाई जागीर खुवाउन

(ख) बालबालिकाहरूको सर्वाङ्गिण विकासका लागि

(ग) अभिभावकहरूलाई बालबालिकाको झन्झट कम गराउन

(घ) विद्यालयमा विद्यार्थी संख्या वृद्धि गर्नका लागि

२. प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापन पक्ष कस्तो छ ?

(क) सन्तोषजनक छ (ख) अव्यवस्थित छ (ग) निराशजनक छ (घ) सन्तोषजनक छैन

३. बालविकास कक्षाको कोठाको अवस्था कस्तो छ ?

(क) फोहोरमैला भएको छ (ख) फर्निचरको अभाव भएको छ

(ग) बालमैत्री सजावट भएको छ (घ) शिक्षण सिकाइका लागि उपयुक्त छैन

४. बालविकास कक्षामा शैक्षिक सामग्री र अन्य खेलौनाहरूको व्यवस्थापन कस्तो छ ?

(क) सबै बालबालिकाका लागि पर्याप्त छ

(ख) एक दुईवटा मात्र शैक्षिक सामग्री र खेलौना छन्

(ग) सबै बालबालिकालाई पुग्ने पर्याप्त सामग्री छन्

(घ) बालबालिकाको उमेर अनुसार उपयुक्त छैनन्

५. सहयोगी कार्यकर्तालाई तालिम दिएको छ वा छैन ?

..............................................................................................................

६. कार्यक्रम सञ्चालनमा आर्थिक अभाव छ वा छैन ?

..............................................................................................................

७. निरीक्षण र अनुगमनको अवस्था कस्तो छ ?

..............................................................................................................

८. बालविकास कक्षाका लागि छुट्टै खेल्ने ठाउँ उपलब्ध छ वा छैन ?

..............................................................................................................

९. बालविकास कार्यक्रमलाई व्यवस्थित बनाउन गर्नुपर्ने कुनै ४ वटा कार्यहरू उल्लेख गर्नुहोस् ।

(क) ..............................................................................................

(ख) ..............................................................................................

(ग) ..............................................................................................

(घ) ..............................................................................................